होर्मुज मार्ग सुरक्षाका लागि युद्धपोत पठाउन ट्रम्पको आव्हान | पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ | •अंक २८६ | • २०८२ साल चैत २ गते सोमबार (16 March, Monday, 2026) | •पृष्ठ ८ | •मूल्य रु. ५।-

## धनुषा-१ मा मातृकाको पद जोगियो


**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा-१ मा सर्वोच्च अदालतले अन्तरिम आदेश जारी नगरेपछि नेपाली कम्युनिष्ट पार्टी(नेकपा) का उम्मेदवार मातृकाप्रसाद यादवको पद जोगिएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार किशोरी साह कमलको उम्मेदवारी खारेज गर्ने निर्वाचन आयोगको निर्णयलाई अन्तरिम आदेशमार्फत सच्याउन अस्वीकार गरेपछि नेकपाका मातृका प्रसाद यादव निर्वाचित भएका छन् ।

न्यायाधीश विनोद शर्मा र मेघराज पोखरेलको संयुक्त इजलासले रास्वपाका उम्मेदवार साहको पक्षमा अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको छ । साहले आफ्नो उम्मेदवारी कायम राख्न माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गराएका थिए ।

निर्वाचन आयोगले बैंक तथा वित्तीय संस्थासम्बन्धी दायित्व पूरा नगरेको भन्दै कर्जा सूचना केन्द्रले उम्मेदवार साहको नाम कालोसूचीमा राखेकाले फागुन १८ गते उनको उम्मेदवारी खारेज गरेको थियो । उम्मेदवार साहको



स्वामित्वमा रहेको निर्माण कम्पनी कालोसूचीमा परेको थियो ।

साहले निर्वाचन आयोगको उक्त निर्णयविरूद्ध फागुन १९ गते सर्वोच्च अदालतमा पहिलो रिट निवेदन दिएका थिए । त्यसको पहिलो सुनुवाइ फागुन २५ गते भएको थियो । तर फागुन २९ गतेलाई तोकिएको सुनुवाइ हुन सकेको थिएन ।

यसैबीच उनले नेपाल राष्ट्र बैंक र कर्जा सूचना केन्द्रको कालोसूचीमा राख्ने निर्णय कार्यान्वयन नगर्न माग गर्दै फागुन २७ गते अर्को रिट दायर गरेका थिए । न्यायाधीश शारंगा सुवेदीको एकल इजलासले उक्त रिटमा सुनुवाइ गर्दै केन्द्रबाट प्राप्त पत्रले साह कालोसूचीमा नदेखिएकाले अन्तरिम आदेश जारी गरेको थियो ।

तर आइतबार सर्वोच्च अदालतले अन्तरिम आदेश दिन अस्वीकार गर्ने निर्णय गरेपछि उम्मेदवार साहको उम्मेदवारी खारेज नै रहने र यसअघि निर्वाचन आयोगले घोषणा गरेअनुरूप धनुषा-१ बाट नेकपाका मातृका प्रसाद यादवको जित सुनिश्चित भएको छ ।

### 'क्लस्टर' अनुसार रुजु प्रक्रिया शुरु

## मधेशी कोटामा १७ जना सांसदको नाम, रास्वपाको गोप्य

**टुडे समाचारदाता**

जनकपुरधाम । गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा तीन प्रतिशत 'थ्रेसहोल्ड' कटाएका ६ वटा राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणालीतर्फ पेश गरेका ११० निर्वाचित उम्मेदवारको नाममा निर्वाचन आयोगले 'क्लस्टर' अनुसार रुजु प्रक्रिया अघि बढाइएको छ ।

निर्वाचनमा समानुपातिकतर्फ एक करोड १२ लाख ८० हजार ६१७ मत खसेको थियो । जसमा एक करोड आठ लाख ३५ हजार २५ मत सदर भएको थियो । सदर मतमध्ये सबैभन्दा धेरै मत प्राप्त गर्ने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले क्लस्टर अनुसार ५७ सांसदको सूची पेश गरेको छ ।

नेपाली कांग्रेसले २०, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिवादी) ले १६, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले ९, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले ४/४ उम्मेदवारको सूची क्लस्टर मिलाएर आइतबार पेश गरेको छ ।

क्लस्टर अनुसार सूची मिले वा नमिलेको रुजु प्रक्रिया अघि बढाइएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए ।

दलहरूले क्लस्टर अनुसार बुझाएको



निर्वाचित हुने उम्मेदवारको सूचीमा त्रुटि नभए सोमबार नै निर्वाचितको सूची सार्वजनिक गरिने प्रवक्ता जिसीले बताए । दलहरूले क्लस्टर अनुसार बुझाएको सूचीमा केही त्रुटि भएमा सच्याउनका लागि तीन दिनसम्मको समय रहने छ ।

रास्वपा, कांग्रेस, एमाले, नेकपा, श्रम संस्कृति पार्टी र राप्रपाले आयोगमा समानुपातिक सांसदको नामावलीसहितको सूची सिफारिस गरी बुझाएको छ । क्लस्टर अनुसार मधेशी कोटामा १७ जनाको नाम सिफारिस गरेको छ ।

तर रास्वपाले भने समानुपातिक कोटा अनुसार नाम सिफारिस गरिए पनि नामावली भने गोप्य राखिएको छ । रास्वपाका नेता जितेन्द्र महासेठका अनुसार समानुपातिक सांसदको नामावली आयोगमा पशे गरिएको बताउँदै उक्त नामावली आयोगमार्फत नै सार्वजनिक हुने छ । रास्वपाले मधेशी कोटामा ९ जनाको नाम छनोट गरेको छ ।

त्यस्तै नेपाली कांग्रेसको तर्फबाट समानुपातिक सांसद मध्ये मधेशी कोटाबाट निनुकुमारी कर्ण, रेखाकुमारी यादव र चन्द्रमोहन यादवलाई चयन गरिएको जनाइएको छ ।

त्यस्तै नेकपा एमालेले पनि समानुपातिक सांसदको टुंग्याएको छ । आइतबार बसेको सचिवालय बैठकबाट समानुपातिक सांसदको नाम टुङ्गो लगाएको उपमहासचिव लेखराज भट्टले जानकारी दिए ।

क्लस्टर अनुसार समानुपातिक सांसदको चयन गरेको उनको भनाइ छ । एमालेले समानुपातिकबाट १६ सीट जितेको छ । जसमध्ये मधेशी कोटाबाट रिङ्ला यादव, यशोधा कुमारी यादव र चन्द्रेश्वर मण्डल रहेका छन् । त्यस्तै नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले ९ जना समानुपातिक सांसद छनोट गरी उनीहरूको नाम निर्वाचन आयोगमा सिफारिस गरेको जनाएको छ ।

आयोगमा नेकपाले बुझाएको नामहरूमा मधेशी कोटाबाट जोगकुमार बरबरीया यादव 'श्रवण' रहेका छन् ।

त्यस्तै श्रम संस्कृति पार्टीले समानुपातिक सांसदको टुंगो लगाएको छ । श्रम संस्कृति पार्टीले निर्वाचन आयोगमा सिफारिस गरिसकेको छ ।

समानुपातिक प्रणाली अन्तर्गत सिफारिस गरिएका उम्मेदवारहरूको नाम पार्टीको निर्णयअनुसार टुंग्याएको अध्यक्ष हर्क साम्पाङले जनाएका छन् । जस अनुसार मधेशी कोटाबाट रुवीकुमारी ठाकुरको नाम सिफारि गरिएको उनले बताए ।

पार्टीको विधान, योग्यता तथा क्षमताको आधारमा छनोट गरिएका उम्मेदवारहरूको नाम निर्वाचन आयोगमा पठाइसकिएको उनले प्रस्ट्याए ।

तर राष्ट्रिय प्रजातन्त्र पार्टीले भने मधेशी कोटाबाट कसैको पनि नाम सिफारिस गरेको छैन ।

प्रस्तावित क्लस्टर अनुसार सिफारिस गरिएको नाम उपर निर्वाचन आयोगले रूजु गरेपछि केही मिलाउनुपर्ने भए फेरबदल हुनसक्ने छ ।

## उद्योगलाई शान्तिक्षेत्र घोषणा र 'औद्योगिक सुरक्षा बल' निर्माण

**टुडे समाचारदाता**

जनकपुरधाम । जेन- जी आन्दोलनको अध्ययनबाट उद्योगलाई शान्ति क्षेत्र घोषणा गरी 'औद्योगिक सुरक्षा बल' निर्माण गर्न सुझाएका छन् ।

औद्योगिक क्षेत्रलाई पनि शान्ति क्षेत्र घोषणा गर्नुपर्नु एक अध्ययनबाट सुझाव दिएको छ । अर्थमन्त्री रामेश्वर खनालले गठन गरेको त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका प्रमुख प्रा.डा. रामप्रसाद ज्ञवालीको नेतृत्वको अध्ययन प्रतिवेदनले उद्योग व्यवसायलाई सुरक्षित बनाउन औद्योगिक सुरक्षा बल निर्माण गर्नुपर्ने सुझाएको छ ।

अर्थशास्त्र केन्द्रीय विभागले गरेको अध्ययनले दिएको सुझावमा उद्योग व्यवसायलाई पनि शान्ति क्षेत्र घोषणा गर्नुपर्ने उल्लेख गरिएको छ भने जेन- जी आन्दोलन तथा तोडफोडको शिकार कहिल्यै हुनु नपर्ने उल्लेख गरिएको छ । उद्योग व्यवसायमा आन्दोलन र तोडफोडको शिकार नभए लगानीको वातावरणमा सुधार आउने र उत्पादनमा समेत वृद्धि हुने अध्ययन प्रतिवेदनमा सुझाइएको छ ।

उक्त प्रतिवेदनमा व्यवसाय वा लगानीकर्ता राजनीतिक नेतृत्वमा लाग्दा उद्योग व्यवसायमा तोडफोड भएको भन्दै स्वतन्त्र लगानीकर्ताको रूपमा चिनिनु नै उपयुक्त हुने सुझाएको छ ।

'केही निजी लगानीकर्ताहरू राजनीतिक नेतृत्वमा पनि समाहित भएको हुँदा लगानीकर्ताहरूको आदर्श व्यक्तित्वमा धमिलोपना आएको छ । त्यसैले लगानीकर्ताहरूका व्यवसायिक प्रतिष्ठानहरूमा आगजनी तथा तोडफोड भएको देखिन्छ,' उक्त प्रतिवेदनको सुझावमा भनिएको छ, ' लगानीकर्ताहरू कुनै राजनीतिक पार्टीहरूसंग प्रत्यक्ष आवद्ध नभइ स्वतन्त्र लगानीकर्ताका रूपमा चिनिनु राम्रो हुनेछ ।'

औद्योगिक व्यवसायीहरू पूर्ण नैतिकतामा चल्न आवश्यक रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ । 'एक पैसा मात्रै पनि कर छल्नु सामाजिक अपराध हो भन्ने कुरामा सहमत हुँदै प्रतिष्ठित तथा इमान्दार करदाताका रूपमा स्थापित हुनुपर्दछ । यसो भएमा सर्वसाधारणहरूका आदरका पात्रका रूपमा औद्योगिक व्यवसायीहरू पर्नुहुनेछ,' अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ ।

जेन- जी आन्दोलनले व्यापारिक प्रतिष्ठानमा पनि आगजनी तथा लुटपाट भएकोले निजी लगानीकर्ताको मनोबल घटेको





देखिएको छ । सर्वसाधारणमा निजी लगानीले सिर्जना गरेको रोजगारी र उत्पादनले अर्थतन्त्रमा पारेको सकारात्मक प्रभावलाई जानकारी गराउनका लागि जानकारीमूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेको औंल्याएको छ ।

सबै सरकारी निकाय तथा ठूला सार्वजनिक/निजी संस्थामा वित्तीय अडिट, कार्यसम्पादन अडिट र सामाजिक अडिट अनिवार्य गर्न समेत सुझाव दिएको छ । अडिट प्रतिवेदन सार्वजनिक गरिने व्यवस्था गर्दा पारदर्शितामा सुधार भइ अनियमितता समयमै पहिचान हुने र संस्थागत जवाफदेहितासमेत मजबुत हुने प्रतिवेदनमा उल्लेख गरिएको छ ।

उद्योग व्यवसायहरूले आर्जन गरेको मुनाफाको केही अंश सार्वजनिक कार्यमा खर्च गर्ने परिपाटी भएमा सर्वसाधारणहरूको उद्योग व्यवसायी तथा लगानीकर्ताप्रति आदरभाव उत्पन्न हुने सुझाव अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ । गरिब परिवार हरूको उद्धार वा गरिबी निवारणका लागि खर्च गर्ने पद्धति भए गरिब परिवारहरूको पनि उद्योग व्यवसाय तथा लगानीकर्ताप्रति अपनत्वको भाव पैदा हुने र त्यसले उद्योग व्यवसायहरूप्रति विद्रोहको भावना विलय भएर जाने सुझाव अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ ।

त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका प्रमुख रामप्रसाद ज्ञवालीले संयोजन गरेको अध्ययन प्रतिवेदनले ' ब्याकवार्ड-फर्वार्ड लिंकेज' नभएका अर्बौं लगानी गरी मुनाफा मात्रै केन्द्रित नहुन निजी क्षेत्रलाई सुझाव दिएको छ । ठूलो मात्रामा रोजगारी सिर्जना गर्ने र 'ब्याकवार्ड-फर्वार्ड लिंकेज' भएका परियोजनाहरूमा लगानी गर्दा निजी क्षेत्रको छवि समाजमा राम्रो भएर जाने र मुलुकका लागि समेत लाभकारी हुने अध्ययन प्रतिवेदनले सुझाएको छ ।

'निजी क्षेत्रले आफूलाई इमान्दार करदाता, रोजगारी सिर्जनाकर्ता, सामाजिक उत्तरदायित्व वहन गर्ने जिम्मेवार व्यवसायी र पारदर्शी रूपमा आयव्यय विवरण राखेर इमान्दार व्यवसायीका रूपमा स्थापित गर्नु राम्रो हुन्छ,' उक्त अध्ययन प्रतिवेदनमा भनिएको छ, 'आन्दोलनकर्ताहरूले पनि तोडफोड र आगजनीविना नै शान्तिपूर्ण आन्दोलन हुन सक्छ भन्ने सिक्न जरुरी छ ।'

जेन- जी पुस्ताहरूले पनि के-कस्ता आचरणहरू समाज उपयोगी नैतिक आचरणको परिधिभित्र पर्दछन् भन्ने कुराको ज्ञान हुनुपर्ने सुझाव दिएको छ । नेपालको माध्यमिक तहको शिक्षामा नैतिक शिक्षा अनिवार्य विषयका रूपमा राख्न अध्ययन प्रतिवेदनमा सुझाव दिएको छ ।

'जेन- जी आन्दोलनबाट ८४ अर्ब ४५ करोड ७७ लाख बराबरको भौतिक सम्पत्तिमा क्षति भएको देखिन्छ । यो पुनःनिर्माणको समय समेत हो,' अध्ययन प्रतिवेदनमा भनिएको छ, ' हाल बैंकिङ क्षेत्रसंग प्रशस्त तरलता रहेको छ, बजारमा तरलताको माग पनि कम भएको देखिन्छ र ब्याजदर पनि ऐतिहासिक रूपमा सस्तो छ । सरकारले बैंकिङ क्षेत्रबाट ऋण लिई पुनःनिर्माणको कार्यलाई तीव्रता दिनु उपयुक्त हुन्छ ।'

राष्ट्रिय आयमा वृद्धि हुने र समग्र मागमा वृद्धि भइ अर्थतन्त्र चलायमान हुने उक्त अध्ययन प्रतिवेदनमा सुझाव दिएको छ । उक्त अध्ययन प्रतिवेदनमा भनिएको छ, 'निजी क्षेत्रका लागि पनि पुनर्निर्माणको यो उपयुक्त बेला हो । बैंकिङ क्षेत्रमा पनि ब्याजदर सस्तो भएको छ । राष्ट्र बैंकले पनि सस्तो दरमा निजी क्षेत्रको पुनर्निर्माणका लागि दीर्घकालका लागि (५-१० वर्ष) कर्जा उपलब्ध गराउनु राम्रो हुनेछ । जसले निजी क्षेत्रको मनोबल बढ्न गई अर्थतन्त्र पनि चलायमान हुने उक्त अध्ययन प्रतिवेदनमा सुझाएको छ ।



# एघार महिनामा ६ हजार विपद्का घटना

काठमाण्डु । गत वैशाखदेखि फागुन मसान्तसम्म देशभर कुल छ हजार ७९९ वटा विपद्का घटना भएका छन् ।

राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार ११ महिनामा विपद्मा परेर ४६४ जनाको ज्यान गएको छ । विपद्का कारण ३८ जना बेपत्ता हुँदा एक हजार ८१४ घाइते भएका छन् ।

विपदका कारण १२ हजार ४५८ घरपरिवार प्रभावित भएको प्राधिकरणले उपलब्ध गराएको विवरणमा उल्लेख छ । प्राधिकरणको विवरणअनुसार सो अवधिमा सबैभन्दा बढी आगलागीका घटना भएका छन् । तीन हजार ३३९ आगलागीका घटना हुँदा ९८ जनाको ज्यान गएको छ ।

सो अवधिमा बाढीका तीन सय १८, पहिरो पाँच सय ९०, भारी वर्षा चार सय २९, चट्याङ तीन सय ६७, सर्पदंश पाँच सय ९२, डढेलो दुई सय ४६ वटा घटना भएका छन् । त्यस्तै, हावाहुरीका दुई सय ९२, जनावर आक्रमण चार सय ८८, लेक लागेका एक सय १९ घटना भए ।

हिमपहिरोका पाँच, भूकम्प सात, डुङ्गा पल्टेर दुईवटा घटना घटेका छन् । त्यसैगरी, फागुन २९ गते बिहानदेखि ३० गते बिहानसम्म कुल २९ विपद्का घटना भएका प्राधिकरणले जनाएको छ ।रासस




# बर्दिवासमा खानेपानीको पहुँच हुँदा स्थानीयवासी हर्षित



जलेश्वर । महोत्तरीको बर्दिवास नगरपालिकाका चारवटा वडामा खानेपानीको पहुच पुगेको छ । बर्दिवास १, २, ३ र १४ मा लामो समयदेखि खानेपानीको समस्या थियो ।

अहिले घरघरमा खानेपानीको धारा जडान भएको बर्दिवास ३ का आशा कुमारीले बताउनुभयो । बर्दिवास- १४ का विक्रम महतोले भन्नुभयो,"पहिला इनारको पानी खानुपर्थ्यो । त्यो पनि हिउँद लागेपछि विस्तारै पानीको सतह घटदै जाँदा चैत, वैशाखमा धमिलो पानी खान बाध्य थियौं । अहिले धारा जडान भएपछि पानीको सङ्कट हटेको छ । "

बर्दिवास साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले जडान गरेको धाराबाट पाँच हजार ९९८ परिवारले पानी सुविधा लिँदै आएका छन् । बर्दिवासको चुरेमा खानेपानीका तीन मुहान छन् । जुन चुरेको रातु खोलाको दहमा पर्छ । बर्दिवासको मूल सहरी क्षेत्रका वडामा दैनिक सात लाख लिटर खानेपानीको माग हुन्छ ।

हिउँद लागेपछि उपभोक्ताको माग धान्न खानेपानी समितिलाई समस्या हुने गरेको छ । रातु खोलाको सुनारमरे दहमा त्यसको मुहान छ । अहिले त्यो मुहान पनि खोला उत्खननले जोखिममा छ ।दिनानुदिन बर्दिवासमा जनसङ्ख्या बढ्दो छ भने पिउने पानीको मुहान घट्दो अवस्थामा छ । तर पनि आफूहरूले बर्दिवासवासीलाई खानेपानी खुवाउनका लागि दिनरात तत्पर रहने गरेको साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष भुलन सेन ठकुरीले बताउनुभयो ।रासस

# आठ महिनाको विकास खर्च १९ प्रतिशत

काठमाण्डु । चालु आर्थिक वर्षको फागुन मसान्तसम्मको विकास खर्च कमजोर देखिएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार दोस्रो चौमासिक अवधिसम्ममा १९ प्रतिशत हाराहारी मात्रै पुँजीगत खर्च भएको छ ।




आर्थिक वर्षका लागि सङ्घीय सरकारले कुल रु १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट ल्याएकामा फागुन मसान्तसम्ममा रु नौ खर्ब २६ अर्ब ५८ करोड ६५ लाख खर्च भएको छ । यो वार्षिक विनियोजनको ४७ दशमलव १८ प्रतिशत हो । चालु शीर्षकमा रु ११ खर्ब ८० अर्ब ९८ करोड विनियोजन भएकामा ५४ दशमलव ३७ प्रतिशत खर्च भएको छ ।

पुँजीगत शीर्षकमा रु चार खर्ब सात अर्ब ८८ करोड ८० लाख विनियोजन भएकामा १९ दशमलव २४ प्रतिशत खर्च भएको छ भने वित्तीय व्यवस्था शीर्षकमा रु तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख विनियोजनमा भएकामा हालसम्म ५४ दशमलव ८९ प्रतिशत अर्थात् रु दुई खर्ब पाँच अर्ब ९५ करोड २३ लाख खर्च भएको कार्यालयले जनाएको छ ।

त्यस्तै, फागुन मसान्तसम्मको सरकारी राजस्व सङ्कलन वार्षिक लक्ष्यको ४९ दशमलव ८९ प्रतिशत बराबर छ । चालु आर्थिक वर्षका लागि सरकारले रु १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख राजस्व उठाउने लक्ष्य राखेकामा फागुन मसान्तसम्ममा रु सात खर्ब ६५ अर्ब १० करोड १६ लाख राजस्व उठेको हो ।

कर राजस्वतर्फ रु १३ खर्ब २५ अर्ब ५८ करोड ३९ लाख उठाउने लक्ष्य रहेकामा फागुन मसान्तसम्ममा वार्षिक लक्ष्यको ५१ दशमलव चार प्रतिशत असुली भएको छ ।

त्यस्तै, गैरकर राजस्वतर्फ रु एक खर्ब ५४ अर्ब ४१ करोड ६१ लाख उठाउने लक्ष्य राखिएकामा हालसम्म ४५ दशमलव ७८ प्रतिशत असुली भएको कार्यालयले जनाएको छ ।

चालु आर्थिक वर्षका लागि सरकारले रु ५३ अर्ब ४४ करोड ६९ लाख बराबर वैदेशिक अनुदान लिने लक्ष्य राखेकामा हालसम्म वार्षिक लक्ष्यको २४ दशमलव ७८ प्रतिशत अर्थात् रु १३ अर्ब २४ करोड ५० लाख अनुदान आएको पनि महालेखा नियन्त्रक कार्यालयले जनाएको छ ।रासस

# कांग्रेसद्वारा समानुपातिकतर्फ १५ महिलासहित २० जनाको नाम सिफारिस

पाटन । नेपाली कांग्रेसले समानुपातिकतर्फ १५ महिलासहित २० जनाको नाम निर्वाचन आयोगमा सिफारिस गरेको छ ।


पार्टीको केन्द्रीय कार्यसम्पादन समितिको आइतबार बसेको बैठकले निर्वाचन आयोगको बन्दसूचीमा समावेश भएका नाममध्येबाट आदिवासी जनजाति र खसआर्यतर्फ छ/छ, थारुमा एक, दलित र मधेसीमा तीन/तीन र मुस्लिममा एक जनाको नाम आयोगमा पठाउने निर्णय भएको पार्टी प्रवक्ता देवराज चालिसेले जानकारी दिनुभयो ।



"हाम्रो पार्टीले प्राप्त गरेको २० सिटका आधारमा नाम टुङ्याएका छौँ, राष्ट्रियसभा र प्रतिनिधिसभामा गरी हाम्रो सिट ६२ रहेको छ, जसअनुसार २१ जना महिला अनिवार्य छ । यस आधारमा हाल १५ जना महिलासहित नामावली पठाएका छौँ । क्लस्टरमा तलमाथि परेमा आयोगले भनेअनुसार गर्नेछौँ," उहाँले भन्नुभयो । पार्टी सभापति गगनकुमार थापाको सभापतित्वमा भएको बैठकमा उपसभापतिद्वय विश्वप्रकाश शर्मा र पुष्पा भुसाल, महामन्त्रीद्वय प्रदीप पौडेल र गुरुराज घिमिरेसहितको सहभागिता रहेको थियो । बेठकमा सहमहामन्त्रीहरू बहादुरसिंह लामा, कर्णबहादुर बुढा, योगेन्द्र चौधरी, उदयशम्शेर राणा र प्रकाश रसाइली स्नेही र सदस्यहरु ओमकारप्रसाद श्रेष्ठ, अमृत अर्याल, डा गोपाल दहित, राजेन्द्रकुमार केसी र प्रवक्ता चालिसेले आआफ्नो धारणा राख्नुभएको थियो ।रासस

# डढेलो व्यवस्थापन सप्ताह सुरु

काठमाण्डु । 'वन डढेलो नियन्त्रणमा प्रभावकारिताः तीनै तहका सरकार र समुदायको सहभागिता' नाराका साथ आइतबारदेखि 'वन डढेलो व्यवस्थापन सप्ताह' सुरु भएको छ । वन तथा वातावरण मन्त्रालयले वन डढेलो व्यवस्थापन रणनीति, २०६७ अनुसार प्रत्येक वर्ष चैत १ देखि ७ गतेसम्म 'वन डढेलो व्यवस्थापन सप्ताह' मनाइँदै आएको छ ।




वन क्षेत्रमा लाग्ने डढेलो न्यूनीकरण तथा नियन्त्रणका लागि जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न कार्यक्रम गरी सप्ताह मनाउन लागिएको हो । सो अवसारमा वन तथा वातावरणमन्त्री माधवप्रसाद चौलागाईंले डढेलो न्यूनीकरण तथा नियन्त्रणका लागि जनचेतना अभिवृद्धि अत्यन्त महत्त्वपूर्ण हुने बताउँदै सप्ताहका अवसरमा सबै डिभिजन वन कार्यालय, वन उपभोक्ता समूह, विकास तथा संरक्षण साझेदार संस्था तथा सम्बन्धित सरोकारवाला निकायलाई आआफ्नो कार्यक्षेत्रमा विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्न अनुरोध गर्नुभएको छ ।

मन्त्रालयका अनुसार सप्ताहका अवसरमा जनचेतना अभिवृद्धि कार्यक्रम, समुदाय तथा विद्यालयस्तरीय अभिमुखीकरण, प्रचारप्रसार अभियान, स्थानीय सञ्चारमाध्यमबाट सूचना प्रवाह, जोखिमयुक्त क्षेत्रहरूको अनुगमन, वन क्षेत्रमा अग्निरेखा निर्माण, सरसफाइ तथा अन्य उपयुक्त डढेलो व्यवस्थापनसम्बन्धी गतिविधि सञ्चालन गरिनेछ ।


वन तथा भूसंरक्षण विभागका महानिर्देशक धिरेन्द्रकुमार प्रधानले डढेलो देशका सबै प्रदेशमा फैलिएको देखिएको बताउनुभयो । उहाँका अनुसार विशेषगरी सुदूरपश्चिम, बागमती र कर्णाली प्रदेशमा डढेलोको जोखिम बढी देखिएको छ । डढेलोको भौगोलिक वितरणले तराई-चुरे तथा मध्यपहाडी वन क्षेत्रमा जोखिम उच्च रहेको सङ्केत गरेको उहाँले जानकारी दिनुभयो ।

उहाँका अनुसार नेपालमा सुक्खायाम सुरु भएसँगै विशेषगरी फागुनदेखि जेठसम्म वन क्षेत्रमा डढेलो लाग्ने जोखिम उच्च रहने गरेको छ ।

डढेलोका कारण वन स्रोत, जैविक विविधता, वातावरणीय सन्तुलन, जलस्रोत, मानव स्वास्थ्य तथा जनधनमा गम्भीर नकारात्मक प्रभाव पर्ने भएकाले यसको रोकथाम तथा नियन्त्रणका लागि समयमै प्रभावकारी पूर्वतयारी, समन्वय र जनचेतना अभिवृद्धि आवश्यक रहेको विभागले जनाएको छ ।रासस

# मण्डला थिएटरमा नाटक चरणदास चोर

काठमाण्डु । भारतीय रङ्गकर्मी हबिब तनवीरद्वारा लिखित नाटक चरणदास चोर मण्डला थिएटरमा मञ्चन भइरहेको छ ।पुरानो बानेश्वर स्थित थिएटरमा यही फागुन २८ गतेदेखि मञ्चित नाटक चैत ११ गतेसम्म हुने छ । निर्देशक मिलन कार्कीका अनुसार नाटक युवाको रोजाइमा परेको छ ।




नाटकलाई रङ्गकर्मी राजन खतिवडा र आशान्त शर्माले नाटक शैलीमा रुपान्तरण गर्नुभएको हो । नाटकमा विनय पन्त, विश्व विजय विक, विनिता गिरी, अनुष्का कार्की, लक्ष्मण खत्री, जितन राई, पार्वता भुसाल, दुर्गा पौडेल, सरिता नेपाली, टेकबहादुर खाती, रिजन थिङ लामा, प्रबल जोशी, अर्मन शाही, मणिराज घले, ओजश लामा, मनिला राना मगर, सांकेनमा राई, रचना पाण्डेय, गिरिश रत्न शाक्य, योदिश न्यौपाने, भरत बुढा, सक्षम कोइराल र दसर्फराज अधिकारीको अभिनय रहेको छ ।

नाटक हेरे पछि बानेश्वरका विश्व रायमाझीले कलाकारको अभियनले नै आफूलाई थिएटरसम्म तानेको बताउनुभयो । "नाटक हेर्दा जीवन्त महसुस गर्छु, त्यसैले प्रायः नाटक हेर्न छुटाउदिन", उहाँले भन्नुभयो ।नाटक मञ्च निर्माण जेनी सुनुवारले गर्नुभएको छ भने, उमेश तामाङको प्रकाश संयोजन रहेको छ । त्यस्तै, नाटकमा सौरभ चालिसेको संगीत संयोजन हुनुका साथै अनुप न्यौपाने, राजन खतिवडा र आशान्त शर्माको गीत रहेको छ । रासस

# सवारी दुर्घटनामा एकको मृत्यु

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको लालबन्दी नगरपालिका-१ नवलपुरस्थित बागवानीमा बसको ठक्करबाट एकजनाको मृत्यु भएको छ ।

शनिबार राति विराटनगरबाट काठमाडौं जाँदै गरेको लु.प.०३-००१ ख ०४३० नम्बरको बसले सोही दिशातर्फ जाँदै गरेको प्र.२-०३-०१५ प ३३९६ नम्बरको मोटरसाइकललाई पछाडिबाट ठक्कर दिएको थियो ।




दुर्घटनामा गम्भीर घाइते भएका मोटरसाइकल चालक पर्साको वीरगञ्ज महानगरपालिका-१ छप्कैया घर भई हाल लालबन्दी-१ नवलपुर बस्दै आएका ३५ वर्षीय सुनिल महतो रहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं डिएसपी सरोज राईले जानकारी दिए ।

गम्भीर घाइते महतोलाई उपचारका लागि प्रादेशिक अस्पताल मलंगवा लगिएकोमा उपचारकै क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : साथीभाइ वा सहकर्मीबाट सहयोग पाउन सकिन्छ ।
वृष : परिवारसंग समय बिताउने राम्रो अवसर मिल्नेछ ।
मिथुन : सञ्चार र भेटघाट बढ्ने दिन रहनेछ ।
कर्कट : घर-परिवारको काममा व्यस्तता बढ्न सक्छ ।
सिंह : आजको दिन सामान्य तर स्थिर रहन सक्छ ।
कन्या : कामको चाप बढ्न सक्छ तर मेहनतको राम्रो फल पाइनेछ ।
तुला : सामाजिक सम्बन्ध बलियो हुने संकेत देखिन्छ ।
वृश्चिक : रोकिएका काम पूरा हुने सम्भावना छ। कार्यक्षेत्रमा प्रगति देखिन सक्छ ।
धनु : यात्रा वा नयाँ अनुभवको सम्भावना देखिन्छ ।
मकर : काममा जिम्मेवारी बढ्न सक्छ । थोरै चुनौती आउन सक्ने संकेत देखिन्छ ।
कुम्भ: काममा व्यस्तता बढ्न सक्छ ।
मीन : धार्मिक वा आध्यामिक काममा रुचि बढ्न सक्छ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# दुर्घटनामा मृत्यु भएका सात भारतीयको शव दूतावासलाई बुझाइयो

गोरखा। गोरखामा भएको सवारी दुर्घटनामा मृत्यु भएका सात भारतीय नागरिकको शव भारतीय दूतावासलाई हस्तान्तरण गरिएको छ। शव परीक्षण कार्य सकेर आइतबार ती शव दूतावासका प्रतिनिधिलाई बुझाइएको हो। प्रदेश वर्षीय मुतु कुमार, ५८ वर्षीय अनामलिक, ५९ वर्षीया मीनाक्षी, ५३ वर्षीया शिवगामी, ५७ वर्षीया विजायल, ५८ वर्षीया मीना र ६० वर्षीया तमिलारशीको घटनास्थलमै मृत्यु भएको थियो।

उक्त दुर्घटनामा नौ भारतीय



अस्पताल गोरखामा शव परीक्षण गरेपछि दूतावासबाट आएका प्रतिनिधिलाई हस्तान्तरण गरिएको प्रहरी निरीक्षक राजन लम्सालले जानकारी दिनुभयो। शव बुझेपछि भारतीय दूतावासको टोली काठमाडौँ फर्किएको छ।

भारतको तमिलनाडू राज्यको चेन्नईबाट मनकामना दर्शन गर्न आएका भारतीय दर्शनार्थी शनिबार बेलुका पूजाआजा सकेर फर्कने क्रममा सहिद लखन गाउँपालिका-३ कानटार नजिकै दुर्घटनामा परेका थिए। बाग्मती प्रदेश १-००६ख८४३० नम्बरको माइक्रो बस भिरबाट खस्दा ५८ नागरिक घाइते भएका थिए। घाइतेहरु पुरानो मेडिकल कलेज चितवनमा उपचाररत छन्। पाँच जना गम्भीर घाइते रहेको सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले जानकारी दिनुभयो। उक्त माइक्रोबसमा ११ महिला र पाँच पुरुष सवार थिए। चालकको अवस्था सामान्य छ भने सहचालक घाइते भएका छन्। चौबीस भारतीय दर्शथार्नी दुई माइक्रोबस चढेर मुक्तिनाथको दर्शन गर्न गएका थिए। उनीहरु मुक्तिनाथ हुँदै मनकामनाको दर्शन गरी फर्किने क्रममा दुर्घटनामा परेका जिल्ला प्रहरी कार्यालयले जनाएको छ।रासस

# श्रम संस्कृति पार्टीले पेस गऱ्यो समानुपातिकतर्फको सूची

काठमाण्डु। श्रम संस्कृति पार्टीले समानुपातिकतर्फ क्लष्टरअनुसार निर्वाचित चार जनाको नाम निर्वाचन आयोगमा पेस गरेको छ।

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा थ्रेसहोल्ड (तीन प्रतिशत मत) पार गरेको श्रम संस्कृति पार्टीले मधेसी महिला रुवीकुमारी ठाकुर, दलित महिला राधिका रम्तेल, खस आर्य महिला अम्बिकादेवी सङ्ग्रौला खड्का र आदिवासी जनजातितर्फ पूर्णप्रसाद लिम्बू निर्वाचित भएको सूची आयोगमा पेस गरेको पार्टीका उपाध्यक्ष लोकनाथ चुडालले राससलाई जानकारी दिनुभयो। गत कात्तिक १६ गते आयोगमा दर्ता भएको दलले चार महिनामा २२ जिल्लामा सङ्गठन विस्तार गरी प्रत्यक्षतर्फ तीन र समानुपातिकतर्फ चार जना निर्वाचित गर्न सफल भएको उहाँले बताउनुभयो।

निर्वाचनमा थ्रेसहोल्ड पार गरेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिवादी), नेपाली कम्युनिष्ट पार्टी (नेकपा), श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले आज क्लष्टर मिल्ने गरी निर्वाचित उम्मेदवारको नाम पेस गरेका छन्। रासस

# 'जेनजी आन्दोलन भ्रष्टाचार, बेरोजगारी र कुशासनविरुद्ध युवाको विद्रोह'

काठमाण्डु। अर्थ मन्त्रालयले 'जेनजी आन्दोलनको बुझाइः मूल कारण, वास्तविकता र सबल नेपालका लागि मार्गचित्र' शीर्षकमा गरिएको अध्ययन सार्वजनिक गरेको छ।

त्रिभुवन विश्वविद्यालयअन्तर्गतको अर्थशास्त्र केन्द्रीय विभागले गरेको उक्त अध्ययनले गत भदौ २३ र २४ गते नेपालमा भएको जेनजी आन्दोलनलाई केवल क्षणिक असन्तोष नभई भ्रष्टाचार, कुशासन, आर्थिक अवसरको अभाव, सामाजिक अन्याय र संस्थागत कमजोरीविरुद्ध युवाको सामूहिक तथा संरचनागत प्रतिक्रियाका रूपमा व्याख्या गरेको छ। अध्ययनले डिजिटल प्रविधिमा हुर्किएको, शिक्षित र सचेत जेनजी पुस्ताले लोकतान्त्रिक शासन प्रणालीमा पारदर्शिता, न्याय, अवसर र उत्तरदायित्वको अपेक्षा राखेको भए पनि ती अपेक्षा समयमा पूरा हुन नसक्दा व्यापक असन्तोष उत्पन्न भएको र यही असन्तोष आन्दोलनका रूपमा प्रकट भएको निष्कर्ष निकालेको छ।

"समग्रमा जेनजी आन्दोलन युवाको क्षणिक आक्रोश मात्र होइन। यो भ्रष्टाचार, कुशासन, आर्थिक अवसरको अभाव, सामाजिक अन्याय र संस्थागत असफलताविरुद्धको सामूहिक तथा संरचनागत प्रतिक्रिया हो", अध्ययनको सारांशमा भनिएको छ, "सुशासन र संस्थागत सुधार, मेरिटमा आधारित प्रशासन, अनिवार्य डिजिटल गभर्नेन्स, समयसीमाबद्ध नीति कार्यान्वयन, गुणस्तरीय रोजगारी सिर्जना, शिक्षा र सीपलाई श्रम बजारसँग समन्वय, डिजिटल अधिकारको संरक्षण तथा नीति निर्माणमा युवाको संस्थागत सहभागिता सुनिश्चित भए मात्र युवाको विश्वास पुनःस्थापना, सामाजिक स्थायित्व र दिगो लोकतान्त्रिक तथा आर्थिक विकास सम्भव हुने देखिन्छ।"

अध्ययनले आन्दोलनका प्रमुख सामाजिक कारणमा राजनीतिक नेतृत्वप्रतिको घट्दो विश्वास, डिजिटल स्वतन्त्रतामा प्रतिबन्ध, राजनीतिक नेतृत्व र तिनका आफन्तको विलासी जीवनशैली, राज्य सेवामा सीमित व्यक्तिको पहुँच, रोजगारमुखी शिक्षा अभाव, योग्यताअनुसार रोजगारी नपाउनु, तथा राजनीतिक नियुक्तिमा नातावाद-कृपावादलाई औँल्याएको छ। त्यस्तै, समाजका सीमान्तकृत समुदाय विकासको मूल




प्रवाहमा समाहित हुन नसक्दा उनीहरूको आक्रोश आन्दोलनका रूपमा प्रकट भएको अध्ययन प्रतिवेदनमा उल्लेख छ।

त्यसैगरी यो अध्ययनले आन्दोलनको प्रमुख आर्थिक कारणका रूपमा बढ्दो बेरोजगारी, रोजगारीका लागि विदेशिनुपर्ने बाध्यता, न्यून आय, न्यून ज्याला, आर्थिक अस्थिरता, उद्यमशीलताको सीमित अवसर र आय असमानता बढ्दै जानुलाई औँल्याएको छ। अध्ययनका अनुसार शिक्षा प्रणाली र श्रम बजारबीच ठूलो अन्तर रहेको छ। उच्च शिक्षा प्राप्त गरे पनि योग्यताअनुसारको रोजगारी नपाउनु युवाको असन्तोषको प्रमुख कारण बनेको उल्लेख गरिएको छ।

अध्ययनले आन्दोलनका सुशासनसम्बन्धी कारणमा प्रशासनिक प्रक्रियाको झन्झटिलोपन, सेवा प्रणालीमा एकद्वार प्रणालीको अभाव, मालपोत, कर तथा सेवा शुल्क बुझाउने कार्यालयमा सेवा भावनाको कमी, सार्वजनिक संस्थामा पारदर्शिताको अभाव, कार्यक्षमताको कमी तथा न्याय प्रणालीमा ढिलासुस्तीलाई मुख्य कारणका रूपमा उल्लेख गरेको छ। भ्रष्टाचारको सन्दर्भमा अधिकांश युवाले नेपालमा भ्रष्टाचार सामान्य स्तरभन्दा व्यापक भएको धारणा व्यक्त गरेका छन्। उनीहरूले भ्रष्टाचारलाई व्यक्तिगत नैतिक कमजोरी नभई प्रणालीगत असफलताको परिणामका रूपमा बुझेको अध्ययन प्रतिवेदनमा उल्लेख छ।

भ्रष्टाचार नियन्त्रणका निकायमा राजनीतिक नियुक्ति हुने र ती पदाधिकारी राजनीतिक नेतृत्वप्रति बढी उत्तरदायी हुने धारणा युवामा रहेकोले भ्रष्टाचार नियन्त्रण प्रभावकारी हुन नसकेको बुझाइ युवामा रहेको प्रतिवेदनमा उल्लेख छ। डिजिटल स्वतन्त्रतालाई युवाले लोकतन्त्र र सुशासनको महत्वपूर्ण सूचकका रूपमा लिएका छन्। उनीहरूले डिजिटल अधिकारलाई नागरिकको नैसर्गिक अधिकार मान्ने गरेको अध्ययनले देखाएको छ। डिजिटल सेवामा केही सुधार देखिए पनि पहुँचको असमानता, प्राविधिक कमजोरी र व्यवस्थापकीय समस्या अझै कायम रहेको अध्ययनमा उल्लेख छ।

स्थलगत सर्वेक्षणअनुसार आन्दोलनले आर्थिक स्थिरता र निजी क्षेत्रको लगानी वातावरणमा नकारात्मक प्रभाव पारेको छ। यसले लगानीकर्ताको मनोविज्ञान र उद्यमशीलताको आत्मविश्वास कमजोर बनाएको अध्ययनले देखाएको छ। अध्ययनका अनुसार आन्दोलनका क्रममा देशभर आगजनी, तोडफोड तथा लुटपाटका घटनाका कारण करिब रु ८४ अर्ब ४५ करोड ७७ लाख बराबरको भौतिक क्षति भएको अनुमान गरिएको छ।

> "सुशासन र संस्थागत सुधार, मेरिटमा आधारित प्रशासन, अनिवार्य डिजिटल गभर्नेन्स, समयसीमाबद्ध नीति कार्यान्वयन, गुणस्तरीय रोजगारी सिर्जना, शिक्षा र सीपलाई श्रम बजारसँग समन्वय, डिजिटल अधिकारको संरक्षण तथा नीति निर्माणमा युवाको संस्थागत सहभागिता सुनिश्चित भए मात्र युवाको विश्वास पुनःस्थापना, सामाजिक स्थायित्व र दिगो लोकतान्त्रिक तथा आर्थिक विकास सम्भव हुने देखिन्छ।"

यद्यपि, अध्ययनले आन्दोलनका केही सकारात्मक प्रभाव पनि देखाएको छ। जसमा परम्परागत राजनीतिक नेतृत्वको दम्भमा कमी आउनु, राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रमा उत्तरदायित्वको भावना बढ्नु, युवापुस्तामा राजनीतिक चेतनाको वृद्धि हुनु तथा भ्रष्टाचारविरुद्ध संस्थागत दबाब सिर्जना हुनु समावेश छन्।

अध्ययनले जेनजी आन्दोलनबाट प्राप्त सङ्केतलाई आधार मानेर विभिन्न नीतिगत सुधारका सुझाव दिएको छ। राजनीतिलाई पेसाभन्दा राष्ट्रनिर्माण र राष्ट्रसेवाका लागि गरिने पवित्र कार्यका रूपमा बुझ्नुपर्ने, राजनीतिक नियुक्ति पारिवारिक आधारमा नभई खुला प्रतिस्पर्धाबाट गर्नुपर्ने, शिक्षा प्रणालीलाई सीप र रोजगारीसँग जोड्नुपर्ने, सीमान्तकृत समुदायलाई विकासको मूल प्रवाहमा समावेश गर्नुपर्ने तथा आय असमानता घटाउनुपर्ने लगायत सुझाव समेटिएका छन्।

त्यस्तै, आर्थिक नीतिहरू कम्तीमा पाँच वर्षका लागि स्थिर बनाउनुपर्ने, सेवा प्रवाहलाई पारदर्शी, छिटो र जनमैत्री बनाउनुपर्ने, व्यापार र व्यवसायसम्बन्धी सेवा एकद्वार प्रणालीबाट उपलब्ध गराउनुपर्ने, भ्रष्टाचार नियन्त्रणका संवैधानिक निकायमा प्रतिस्पर्धाका आधारमा सक्षम र इमानदार व्यक्ति नियुक्त गर्नुपर्ने सुझाव पनि दिइएको छ। डिजिटल क्षेत्रको नियमन नियन्त्रणमुखी नभई अधिकारमैत्री बनाउनुपर्ने, माध्यमिक शिक्षामा अनिवार्य व्यावसायिक विषय समावेश गर्नुपर्ने तथा लगानीकर्ताले रोजगारी सिर्जना गर्ने परियोजनामा लगानी बढाउनुपर्ने अध्ययनको सिफारिस छ।

अध्ययनले नैतिक शिक्षा पुनः माध्यमिक तहमा अनिवार्य विषयका रूपमा समावेश गर्नुपर्ने सुझाव पनि दिएको छ। अध्ययनले आन्दोलनबाट भएको भौतिक क्षतिको पुनर्निर्माणलाई तत्कालीन प्राथमिकताका रूपमा अघि बढाउनुपर्ने उल्लेख गरेको छ। बैंकिङ क्षेत्रमा पर्याप्त तरलता रहेको, बजारमा कर्जाको माग कम रहेको तथा ब्याजदर ऐतिहासिक रूपमा कम भएकाले सरकारले बैंकिङ क्षेत्रबाट ऋण लिएर पुनर्निर्माण कार्यलाई तीव्रता दिन सक्ने अध्ययनले सुझाव दिएको छ। यस्तो लगानीले राष्ट्रिय आय र समग्र माग बढाएर अर्थतन्त्रलाई पुनः चलायमान बनाउन सहयोग पुग्ने पनि अध्ययनको निष्कर्ष छ।

अध्ययनअनुसार आन्दोलनमा सहभागी युवामध्ये करिब ९८ प्रतिशतले माध्यमिक वा सोभन्दा माथिल्लो शिक्षा हासिल गरेका छन्।रासस

## मन्त्रिपरिषद् बैठकः

# अनुदान सहायता स्वीकार गर्ने

काठमाण्डु। सरकारले दुई करोड, ४२ लाख ६७ हजार ४२७ अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने भएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार बसेको मन्त्रिपरिषद् बैठकले नेपालका हिम नदी बेसिन क्षेत्रमा हिमताल विस्फोटनजन्य बाढी तथा बाढीबाट उत्पन्न जोखिम न्यूनीकरणमार्फत जीविकोपार्जन तथा सम्पत्तिको संरक्षण परियोजनाका लागि हरित जलवायु कोषबाट संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रममार्फत प्राप्त हुने सो रकम स्वीकार गर्ने निर्णय गरेको हो।

त्यसैगरी, सरकारले युद्ध प्रभावित पश्चिमी एसियाली मुलुकहरुमा रहेका एंव ट्रान्जिटमा अलपत्र परेका नेपाली नागरिकको तत्काल राहत तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन हाललाई नेपाली राजदूतावास रियाद, अबुधाबी, दोहा, कुवेत सिटी, म्यानमा, मस्कट, इस्लामाबाद, कायरो र तेल अबिब तथा नेपाली महावाणिज्य दूतावास जेद्दा र दुबईले आवश्यक व्यवस्था मिलाउने निर्णय गरेको छ।

विसं २०८२ भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा भएका घटनाको जाँचबुझ गर्न गठित जाँचबुझ आयोगले पेस गरेको प्रतिवेदन अध्ययन गर्नेगरी मन्त्रिपरिषद् बैठकले ग्रहण गर्ने निर्णय गरेको गृहमन्त्री ओमप्रकाश अर्यालले जानकारी दिनुभयो।रासस


## Janaknandini Rural Municipality
### Office of the Rural Municipal Executive
**Khajuri, Dhanusha**

**Madhesh Province, Nepal**

## Invitation For Electronics Bids

**Date Of Publication:2026/03/16**

Janaknandini Rural Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the Aadharbhut tatha Aakasmik Swasthya Sewako Lagi Aushadhi Kharid (Shasarta Anudan) Atyabashyak Aushadhi Kharid under National Competitive Bidding procedures. For Further Information And More Details about the bid, Bidder's may visit PPMO Website www.bolpatra.gov.np/egp.

| Contract No. | Description Work of | Estimated Amount Exclusive Vat And Contingencies | Bid Security Amount | Last Date of Bid Submission | Bid Documents Fee |
|---|---|---|---|---|---|
| JRM-NCB-GOODS-02-082-083 | Palika Stariy Aushadhi Kharid Tatha Aadharbhut tatha Aakasmik Swasthya Sewako Lagi Aushadhi Kharid (Shasarta Anudan) Atyabashyak Aushadhi Kharid | 2497999/- | 55000/- | 17-04-2026 12:00 | 3000/- |

**Chief Administrative Officer**

## जनकपुरधाम उप-महानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**जनकपुरधाम, धनुषा**

**मधेश प्रदेश, नेपाल**

## सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित सूचना मिति २०८२/१२/०२ गते**


यस जनकपुरधाम उपमहानगरपलिकालाई तपसिलमा उल्लेखित पद स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को ८ बमोजिम र **जनकपुरधाम उपमहानगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५** को आधारमा सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएको हुँदा ईच्छुक नेपाली नागरिकहरूलाई देहाय बमोजिमको शर्तहरूको अधिनमा रही सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवेदन पेश गर्नु आव्हान गरिएको छ।

| सि. नं. | विज्ञापन नं. | पदको नाम | तह/श्रेणी | पद संख्या | न्युनतम शैक्षिक योग्यता | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|
| १ | १२/२०८२/०८३ | फिल्ड सहायक | सहायक | १ (एक) | एस.ई.ई वा सो सरह उतिर्ण गरेको तथा कम्प्युटर सम्वन्धी कस्तीमा ६ महिनाको तालिम गरेको हुनु पर्ने | लिखित प्रयोगात्मक तथा मौखिक |

**शर्तहरूः-**

१. उमेरको हद १८ वर्ष पूरा गरी ३५ वर्ष ननाघेको तथा महिलाको हकमा ४० वर्ष पुरा नगरेको हुनु पर्ने।
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी तथा अनुभवको प्रमाण पेश गर्नु पर्ने छ।
३. दरखास्त दस्तुर निर्धारण गरे बमोजिमको रसिद निवेदन साथ पेश गर्नुपर्नेछ।
४. स्थानीय तहमा कार्य गरेकोलाई विशेष ग्राहिता दिईने छ।
५. पारिश्रमिक करार सम्झौतामा उल्लेख भए अनुसारको सेवा सुविधा उपलब्ध गराईने छ।
६. परिक्षा दस्तुर दस्तुर रु. ५००/- (पाँच सय मात्र)।
७. सम्पर्क मिति आवेदन दिने अन्तिम मितिले ७ दिन पछी।
८. परिक्षा मितिः सम्पर्क मिनिमा तोकिनेछ।
९. अन्तर्वातामा आउँदा अनिवार्य रुपमा सक्कल प्रमाण पत्र लिएर उपस्थित हुनुपर्ने छ।
१०. सेवा अवधिः क) २०८३ अषाढ मसान्त सम्म र का.स.मु. को आधारमा कार्यालयले म्याद थप गर्न सकिनेछ। संघ प्रदेश वा स्थानीय तहबाट सो पदमा स्थायी पदपूर्ति भई आएमा स्वतः करार सम्झौता भंग हुनेछ।
११. दरखास्त पाउने स्थान स्थानः यस पालिकाको website: janakpurmun.gov.np वा मानव संसाधन तथा कर्मचारी प्रशासन शाखा।
१२. दरखास्त बुझाउने स्थानः ज.उ.म.न.पा.को मानव संसाधन तथा कर्मचारी प्रशासन शाखा।
१३. दरखास्त बुझाउने अन्तिम मिति २०८२/१२/१६ गते सम्म।
१४. आवेदन दिने अन्तिम दिनमा विदा परेमा सोको भोलिपल्ट सम्म आवेदन दिन सकिने।
१५. पदपूर्ति सम्बन्धी अन्तिम निर्णय लिने अधिकार ज.उ.म.न.पा. पदपूर्ति समितिमा निहित रहने छ। यसमा कुनै कतै पुनरावेदन लाग्ने छैन।

**बरिष्ठ उप-सचिव दशौं तह**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# प्रदेश र संघबीच सहकार्य आवश्यक

नेपालमा संघीयता स्थापना भएको दश वर्ष पुगेको छ । प्रदेशको दुई पटक र संघीय संसदको तीन पटक निर्वाचन भएको छ । संघीयता स्थापनाका लागि जोडबल गरेको मधेश केन्द्रित दलहरु कमजोर हुँदा संघीयतालाई सबल र संस्थागत गर्न देशका तत्कालीन ठूला दलहरुले उपेक्षा गरे । ठूला दलका नेताहरु मध्ये कतिपयले संघीयतालाई खारेज गर्नुपर्ने धारणा व्यक्त गरे । खासगरि नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली संघीयताको पक्षमा अझै पनि छैनन् । प्रदेशलाई अधिकार दिनुपर्नेमा तत्कालीन ठूला दलहरु नेपाली कांग्रेस, एमाले र माओवादी केन्द्रका शीर्ष नेताहरु अनुदार थिए । संविधान प्रदत्त प्रदेशको अधिकारलाई समेत तीन नेताहरुले खोस्ने काम गरे । प्रदेशलाई अधिकार दिनै नचाहने कांग्रेस, एमाले र नेपाली कम्युनिष्ट पार्टी(नेकपा) का नेताहरुको कारण संघीयता आवश्यक नभएको तर्क गर्दै खारेज गर्ने वातावरण बनाउने प्रयासमा लागेकाहरु उत्साहित भए । उनीहरु अहिले पनि प्रदेश संरचनालाई खारेज गर्नुपर्नेमा लागेका छन् । शिक्षा, स्वास्थ्य, शान्ति सुरक्षा, भूमि व्यवस्था, कृषि, सिचाइँ, खानेपानी, विद्युत, पूर्वाधार लगायतका कार्यहरु प्रदेश सरकारले गर्नुपर्ने व्यवस्था संविधानमा पनि छ । तर तत्कालीन सरकारका प्रधानमन्त्रीहरुले आफ्नो निजी सम्पत्ति खोसिएको जस्तो प्रदेशको अधिकार दिन चाहेनन् । नेपालमा सातवटा प्रदेश छन् । प्रदेशलाई संस्थागत गर्न सके देशमा विकास भइरहेको अनुभूति नागरिकले गर्न पाउने छन् । प्रशासन बिनाको शासन गर्ने प्रदेश सरकार अहिले विघटित जिल्ला विकास समितिको बृहत्त रुपमा मात्र देखिएको छ । प्रहरी समायोजन, निजामती ऐन लगायतका कार्यहरु संघीय सरकारले गर्न चाहेनन् । त्यसकारण प्रदेश सरकारको भुमिका पनि प्रभावकारी देखिएन । कांग्रेस, एमाले र नेकपाका शीर्ष नेताहरुले प्रदेशलाई बदनाम गराउने काम मात्र गरे । स-साना कामका लागि पनि संघीय राजधानी काठमाण्डु जानुपर्ने बाध्यता कायमै छ । अधिकारका लागि प्रदेश सरकारले संघीय सरकारसित निरन्तर समन्वयको प्रयास गरेपनि कुण्ठित नेताहरुले आश्वासन मात्र दिए । प्रदेश संरचना सबल नहुँदा अहिले खर्च मात्र देखिएको छ । तर अधिकार सम्पन्न प्रदेश सरकार भए विकासको प्रतिफल चाँडै देखिने छ । देशको प्रस्तावित प्रधानमन्त्री बालेन्द्र साह संघीयतालाई सबल बनाउने पक्षमा देखिएका छन् । उनले प्रदेशलाई सबल बनाउने अभिव्यक्ति आफ्नो पहिलो चुनावी घोषणा सभामा दिएकाले त्यसको सकारात्मक कार्यान्वयन हुने विश्वास गर्न सकिन्छ । प्रदेश सरकारपनि संघीय सरकारसित समन्वय गरी अगाडि बढ्नु पर्छ । संघीयता सबल भए देशको सबै भूगोलमा विकासको लहर आउने छ । प्रदेशलाई स्थानीय र संघीय सरकारबीचको समन्वयकारी भूमिका पनि दिनु पर्छ । प्रदेश सरकार मातहत स्थानीय सरकार रहनु उपयुक्त हुनेछ । प्रदेश र संघीय सरकारबीच सहकार्य हुन आवश्यक छ ।

# कांग्रेसका नेतृत्वहरुले बिगतमा गरेका ब्यथिति विरुद्धको विष्फोट हो मत परिणाम



● प्रफुल्ल घिमिरे

नेपालको प्रजातान्त्रिक इतिहासमा २००७ सालको सशस्त्र क्रान्ति गरेर सर्वप्रथम संविधान सभाको अवाज उठाएको नेपाली कांग्रेस केवल एउटा राजनीतिक दल मात्र होइन, संवैधानिक राजतन्त्र-लोकतन्त्र-गणतन्त्रको लागि संघर्ष गरेर जन्मिएको एउटा ऐतिहासिक आन्दोलनको हो।

२०१५ सालको पहिलो आम निर्वाचनदेखि लिएर २०८२ सालसम्म आइपुग्दा यस दलले कहिले दुई तिहाइ बहुमत पाएको छ भने कहिले गम्भीर पराजय पनि भोगेको छ। यो उतार-चढावको इतिहासले केवल चुनावी परिणाम मात्र देखाउँदैन, बरु नेतृत्व, नीतिगत दृष्टिकोण र जनतासँगको सम्बन्ध कति बलियो वा कमजोर रह्यो भन्ने कुरा पनि दर्शाउदछ।

२०१५ सालको पहिलो संसदीय निर्वाचनमा नेपाली कांग्रेसले १०९ मध्ये ७४ सिट जित्दै दुई तिहाइ बहुमत प्राप्त गरेको थियो। सो चुनावमा कांग्रेसले प्राप्त गरेको मत तत्कालीन परिस्थितिमा जनताको अपार विश्वासको प्रतीक थियो। यस परिणामले स्पष्ट देखायो कि लोकतान्त्रिक आन्दोलनको नेतृत्व गर्ने शक्ति कांग्रेस नै हो र जनताले पनि त्यो नेतृत्वलाई स्वीकार गरेका थिए। तर राजा महेन्द्रलाई नेपाली कांग्रेस प्रति जनताले देखाएको अपार समर्थन मन परेन । २०१७ साल पुष १ गते सैनिक कु भयो । सैनिकका माध्यमबाट राजा महेन्द्रले सत्ता आफ्नो हातमा लिए। निरंकुश पञ्चायती व्यवस्था जनतामा थुपारियो। लोकतान्त्रिक अधिकारकालागि नेपाली कांग्रेसले पुनः दोस्रो सशस्त्र क्रान्ति गर्यो, अहिंसात्मक आन्दोलन गर्यो, बिद्यार्थी आन्दोलनहरु भए , जनमत संग्रह भयो, सत्याग्रह भयो। क्रमबद्ध रूपमा ३० वर्ष सम्म अनवरत रूपमा संघर्षहरु हुदै रहे। यस कहालीलाग्दो निरंकुश पञ्चायती शासन व्यवस्थामा प्रजातान्त्रिक अधिकार प्राप्तिका लागि कयौंले शहादत प्राप्त गरे, कयौं जेलको चार घेराभित्र खुम्चिन बाध्य भए, कयौं निर्वासित हुन पुगे , कयौंका सर्वस्व हरन समेत भए । तथापि अन्ततः २०४६ सालको जन आन्दोलन पश्चात् लोकतन्त्र स्थापना भयो। समयक्रमसँगै नेपालको राजनीतिक परिवेश बदलिँदै गयो।

२०४६ भन्दा पहिले नेपाली कांग्रेसका अधिकांश नेता-कार्यकर्ताहरूको जीवन अत्यन्तै संघर्षपूर्ण थियो। लोकतन्त्रको स्थापनाका लागि उनीहरूले जेल, निर्वासन, यातना र अभावपूर्ण जीवन भोगेका थिए। सत्ता, सम्पत्ति वा सुविधा उनीहरूको लक्ष्य थिएन; लक्ष्य थियो केवल जनताको अधिकार, बहुदलीय व्यवस्था र स्वतन्त्रताको स्थापना। त्यतिबेला नेपाली कांग्रेस भित्रको नेतृत्व त्याग, आदर्श, निष्ठा र लोकतान्त्रिक संस्कारले भरिएको थि। धेरै नेताहरू साधारण घरमा बस्ने, सीमित साधनमा जीवनयापन गर्ने र जनताको दुःख-सुखसँग प्रत्यक्ष जोडिएका थिए।

तर २०४६ पछि लोकतन्त्र स्थापना भएसँगै परिस्थिति विस्तारै बदलिँदै गयो। आन्दोलनको नेतृत्व गरेका धेरै नेताहरू राज्यका महत्वपूर्ण पदहरूमा पुगे । मन्त्री, प्रधानमन्त्री, सभामुख, राजदूत, विभिन्न आयोगका अध्यक्ष लगायत लाभका आदि पदमा स्थापित हुन गए। पद र शक्तिसँगै सुविधा र प्रभाव पनि यिनिहरुको बढदै गयो। यहीँबाट समस्याहरु प्रारम्भ भए। केही नेताहरूमा सेवा र त्यागको भाव घट्दै गयो र व्यक्तिगत लाभ, शक्ति केन्द्रित सोच तथा आर्थिक स्वार्थ हावी हुन थाल्यो।

समयसँगै धेरै नेताहरूको आर्थिक अवस्था चमत्कारिक रूपमा परिवर्तन हुन थाल्यो। आन्दोलनका दिनमा साधारण जीवन बिताउने कतिपय नेताहरू सत्ता नजिक पुगेपछि अकस्मात् आर्थिक रूपमा निकै सबल देखिन थाले। जनताले प्रश्न गर्न थाले । यो सम्पत्ति कसरी आयो? यही प्रश्नले पार्टीभित्र र बाहिर विश्वासको संकट जन्मायो। जब नेतृत्वको जीवनशैली जनताको वास्तविक अवस्थासँग मेल खान छोड्छ, तब जनताको मनमा दूरी बढ्न थाल्छ।



यससँगै अर्को गम्भीर समस्या देखा पर्‍यो- हैकमवादी प्रवृत्ति। लोकतन्त्रका लागि लडेको पार्टीभित्रै केही नेताहरूले आलोचना सुन्न नचाहने, निर्णय आफैं केन्द्रित गर्ने, नयाँ पुस्तालाई अवसर नदिने र संगठनलाई आफ्नै प्रभाव क्षेत्र बनाउने प्रवृत्ति देखिन थाल्यो। पार्टीभित्र विचार, बहस र आन्तरिक लोकतन्त्र कमजोर हुँदै गयो। कार्यकर्ताको मूल्यांकन योगदानले भन्दा नातागोता ,लेनदेन , जातिपाती , नजिकियताले हुन थाल्यो।

यसका कारण संगठनको आधार क्रमशः कमजोर हुँदै गयो। इमानदार कार्यकर्ताहरू निराश हुन थाले, नयाँ पुस्ताले अवसर नपाएको महसुस गर्‍यो, र जनताले पनि कांग्रेसलाई सत्ता केन्द्रित दलका रूपमा हेर्न थाले। सुधरेर आउला भनेर आशा गर्न थाले । यहीँ मझधारमा रहन गएका आम नागरिकले बहुदलीय व्यवस्था पुनःस्थापना पछि भएका निर्वाचनहरूमा कांग्रेसलाई कहिले पहिलो त कहिले दोस्रो शक्ति बनाउथें। ति पछिल्ला निर्वाचनहरूले भने पार्टीको जनाधार क्रमशः कमजोर हुँदै गएको संकेत दिएको थियो । २०७४ सालको प्रतिनिधि सभा निर्वाचनमा नेपाली कांग्रेसले करिब ३६ लाख मत पाए पनि प्रत्यक्षतर्फ केवल २३ सिट मात्र जित्न सफल भयो। २०७९ सालमा भने मत घटेर करिब २४ लाखमा सीमित भयो तर गठबन्धनको कारण ५७ सिट जित्न सफल भयो।

तर २०८२ सालसम्म आइपुग्दा परिस्थिति झन् गम्भीर बन्यो। जनताको असन्तुष्टि, नयाँ राजनीतिक शक्तिहरूको उदय र पुराना दलप्रति बढ्दो अविश्वासका कारण जनताको आक्रोश विष्फोटक रूपमा मतदानबाट जाहेर गरे। कांग्रेसले ऐतिहासिक रूपमा कमजोर परिणाम भोग्नु पर्यो । निर्वाचनमा नयाँ राजनीतिक शक्ति उदाएको र परम्परागत दलहरूप्रति जनताको आक्रोश प्रकट भएको जस्तो देखियो।

नेपालको लोकतान्त्रिक इतिहासमा लामो संघर्ष, त्याग र बलिदानको प्रतीकका रूपमा चिनिएको नेपाली कांग्रेस आज जुन चुनावी परिणामको सामना गरिरहेको छ, त्यो केवल आकस्मिक घटना होइन; यो वर्षौंदेखि सञ्चित असन्तुष्टि, जनअपेक्षा र नेतृत्वको निर्णयबीचको दूरीको परिणाम हो। जनताले दिएको सन्देश स्पष्ट छ। यदि कुनै पनि दलले आफ्ना मूल आदर्श, लोकतान्त्रिक मूल्य-मान्यता र जनताको अपेक्षालाई बेवास्ता गर्छ भने उसले अन्ततः जनमतको कठोर निर्णय भोग्नुपर्छ।

सबैभन्दा ठूलो आलोचना कांग्रेसमाथि परेको विषय हो। लोकतान्त्रिक सिद्धान्त र राजनीतिक नैतिकता विपरीत गरिएका अप्राकृतिक गठबन्धनहरू। चुनावमा सैद्धान्तिक रूपमा फरक दलहरूसँग गठबन्धन गर्दै जनताको बीचमा जानु, र चुनावपछि सत्ता साझेदारीका लागि पटक-पटक समीकरण बदल्नुले जनताको विश्वासमा गम्भीर चोट पुर्‍याएको छ। सत्ता पक्ष र प्रतिपक्ष दुवै भूमिकामा रहेर सरकार गठन गर्ने अभ्यासले पनि कांग्रेसप्रति जनताको विश्वास कमजोर बनाएको छ। लोकतन्त्रमा सत्ता र प्रतिपक्षको स्पष्ट भूमिका हुनुपर्छ भन्ने मान्यतालाई यसले कमजोर बनाएको अनुभूति जनतामा हुन गयो।

यससँगै अर्को गम्भीर प्रश्न उठेको छः- समानुपातिक प्रतिनिधित्वको सिद्धान्तको दुरुपयोग। संविधानले समानुपातिक प्रणालीलाई दलित, महिला, आदिवासी, मधेसी, पिछडिएका समुदाय तथा लक्षित वर्गलाई अवसर दिनका लागि व्यवस्था गरेको हो। तर व्यवहारमा कतिपय अवस्थामा यो प्रणालीलाई वास्तविक लक्षित वर्गभन्दा सम्भ्रान्त वर्ग, नातागोता वा नेतृत्व नजिकका व्यक्तिहरूलाई अवसर दिने माध्यमका रूपमा प्रयोग गरिएको आरोप बारम्बार उठेको छ। यसले समानुपातिक प्रणालीप्रतिको जनविश्वासलाई समेत कमजोर बनाएको हो।

समयक्रममा पार्टीभित्र विचारभन्दा पनि सत्ताको भागबण्डा, कमिसन, नातागोता र लेनदेनको संस्कार मौलाउँदै गएको आरोप पनि लाग्दै गयो। यस कारण धेरै वर्षदेखि पार्टीप्रति जनविश्वास क्रमशः कमजोर हुँदै गएको थियो। जनता लोकतन्त्रका आदर्श बोकेको पार्टीबाट उच्च नैतिकता र सुशासनको अपेक्षा गर्थे, तर व्यवहारमा नेताहरूबीचको गुटबन्दी, अवसरवाद र सत्ताकेन्द्रित राजनीति देखिँदा निराशा बढ्दै गयो।

त्यस्तै, जनताले प्रत्यक्ष अनुभव गर्ने समस्याहरू :- भ्रष्टाचार, सुशासनको अभाव, प्रशासनिक ढिलासुस्ती, बेरोजगारी, र बढ्दो विदेश पलायन–जस्ता मुद्दाहरूमा पनि प्रभावकारी समाधान दिन नसक्नु अर्को ठूलो कारण बन्न पुग्यो। देशका लाखौं युवा अवसरको खोजीमा विदेशिन बाध्य भइरहेका छन्, कृषि, उद्योग र रोजगारी सिर्जनाका क्षेत्रमा अपेक्षित परिवर्तन देखिएको छैन, विकास निर्माणका कामहरू ढिलासुस्ती र अनियमितताका कारण प्रभावकारी रूपमा अघि बढ्न सकेका छैनन्। यस्तो अवस्थामा जनताले विकल्प खोज्नु स्वाभाविक नै हो।

यसैले आजको परिणामलाई केवल हार-जीतको सामान्य राजनीतिक घटनाका रूपमा बुझ्नु पर्याप्त हुँदैन। यो वास्तवमा जनताको चेतावनी हो– लोकतान्त्रिक मूल्य, पारदर्शिता, सुशासन र जनताको वास्तविक समस्याप्रति जिम्मेवार बन्ने आग्रह हो। यदि नेपाली कांग्रेसले आफ्नो ऐतिहासिक विरासतलाई जोगाउँदै भविष्यमा जनताको विश्वास पुनः प्राप्त गर्न

आजको परिणामले हामीलाई एउटा स्पष्ट सन्देश दिएको छ- यदि नेपाली कांग्रेसले आफ्ना ऐतिहासिक आदर्शहरू त्याग, इमानदारी, आन्तरिक लोकतन्त्र र जनतासँगको निकटता पुनः आत्मसात् गर्न सकेन भने इतिहासले दिएको गौरव कायम राख्न गाह्रो हुनेछ।अस्तुः

# कामरेडको उडे-उडेको अनुहार



● लक्ष्मण पन्त

समाचारमा सत्तामा रहँदा र सत्ताबाट बाहिरिँदा एक नेताको व्यवहार र अभिव्यक्तिमा आएको परिवर्तनको विश्लेषण गरिएको छ ।

लेखमा ती नेताको सत्ता मोह, विदेशी शक्तिप्रतिको दृष्टिकोण र विगतका घटनाहरूबारे चर्चा गरिएको छ ।

नक्कली भुटानी शरणार्थी प्रकरण र ललिता निवास काण्ड जस्ता विषयहरूमा नेताको संलग्नता र त्यसपछिका घटनाहरूको विवरण प्रस्तुत गरिएको छ।

कामरेडले पहिरिएको झकास दौरा सुरुवाल र शिरमा टपक्क परेको टोपी । पाउमा सजिएका टिलिक्कका जुता । साइरनसहितका गाडी र सुरक्षाकर्मीहरुको लावालस्कर । बालुवाटार होस् वा सिंहदरबार : हरेक कोठामा खटिएका अनेकौं किसिमका सेवादार र अनुचर । धनाढ्य व्यापारी-व्यवसायी र विदेशी पाहुनाको बिहानदेखि बेलुकीसम्म घुइँचो । भाँती-भाँतीका उद्घाटन र शिलान्यास । दशथरी गोष्ठी-सम्मेलन । जनता-जनार्दनबाट जयजयकार ।


खादामाला र अवीर बाजा-गाजासहितको राजसी सवारी । बाबा रामदेवको पतञ्जलि टिभी उद्घाटनदेखि गाउँपालिका भवनका उद्घाटनहरूको भ्याई नभ्याई । सदासर्वदा करविन्ती मुद्रा धारण गरेका र हातमा फाइल लिएर ओहोरदोहोर गर्ने उच्च ओहोदाका हाकिमहरू । कामरेडको खुलेको मुहार र मुखबाट निस्किने संवाद कैद गर्न तँछाडमछाड गरिरहेका दर्जनौं टेलिभिजन क्यामेराहरू । सरुवा बढुवा, नियुक्ति र ठेक्कापट्टाका फरियादीहरुको बालुवाटार र सिंहदरबारका कोठा-कोठामा जमघट । गजबको शानमान र सम्मान । खातैखात महँगा उपहार । महँगा विदेशी ब्रान्डका रक्सीको थुप्रो । अनि बिहानीदेखि राति अबेरसम्म जनता, राष्ट्र र क्रान्तिको 'सेवा' गरेर लखतरान भएपछि लाग्ने मिठो निद्रा ।

झनै आकर्षक विदेश भ्रमणहरू ! राता कार्पेट । सलामी । विदेशी राजधानीका सबैभन्दा महँगा होटेलका महँगा सुइटहरुमा बसाई । मिनेट-मिनेटको कार्यक्रम तालिका । उच्चकोटिको स्वागत सत्कार । चमचमाउँदा ब्लेक लिमोजिन र मर्सिडिज । दिव्य-भव्य राजकीय भोज र चियर्सका मधुर स्वरहरू । मिटिङका मिटिङ । 'वान-अन-वान' गोप्य मन्त्रणा । ठुल्ठुला राष्ट्रिय-अन्तर्राष्ट्रिय मुद्दाहरूमा छलफल । दिनभरको व्यस्त कार्यक्रमपछिको मिठो रात्रि विश्राम !

ती पनि क्या दिनहरू थिए ! सबैलाई त्यस्तो हुँदैन, तर किन हो कुन्नि कामरेडका लागि सत्ताको त्यो आकर्षण घातक र नशालु साबित हुन पुग्यो । सत्ताबाट बिछोड हुँदा कामरेडलाई एक वर्षसम्म निकै सकस र छटपटी भयो । एक वर्षसम्म निरन्तर् खपिनसक्नुको औडाहा भयो । भाउन्न भयो । बेचैनी भयो । एक वर्षसम्मका भाषणहरूमा कामरेडको त्यो बेचैनी दुनियाँले बुझ्ने गरी प्रकट भयो । विगतमा कामरेडका साझेदार दुई सरदार पनि सत्ताबाट हुत्तिएका थिए तर उनीहरू सन्तुलित, संयमित र शालीन नै देखिएका थिए । तर कामरेडचाहिं निकै नै बेचैन देखिए । शायद उनलाई अनुमान भैसकेको थियो कि अब कहिल्यै पनि ती दिनहरू फर्किने छैनन् ।

अकस्मात् एमाले-कांग्रेसले गठबन्धन सरकार बनाएपछि २०२४ जुलाई १२ मा कामरेड सडकमा पछारिन पुगेका थिए । त्यससँगै 'राप र ताप' ले भरिएको कामरेडको जीवनचर्याको लय भंग भयो । अब कामरेडको मुहारमा 'श्रृंगार रस' को कान्ति होइन 'रौद्र रस' र 'भयानक रस' को भद्दापन प्रकट हुन थाल्यो । 'रौद्र रस' मा क्रोध हुन्छ भने 'भयानक रस' मा भय र डर दुवै हुन्छन् । 'श्रृंगार रस' लाई 'रौद्र रस'ले विस्थापित गरे पछि १२ बुँदेका हिजोसम्मका लोकतन्त्रवादी काँग्रेस र एमालेहरु 'साझेदार' होइन, दलाल र बिचौलियाका 'सरदार' देखिन थाले । जुन दलहरूको भऱ्याङ चढेर २०७५ र २०७९ को चुनावमा केही सिट लिएर संसद र सरकारको यात्रा सम्भव भएको थियो तिनै दलमाथि कामरेडका मुखबाट गाली बर्सिन थाले । जोसित मिलेर कामरेडलाई तीन-तीनपटक प्रधानमन्त्री बन्ने संयोग जुरेको थियो तीनै दलहरु रातारात दलाल र प्रतिक्रियावादी बन्न पुगेका थिए ।

आफूलाई समर्थन गर्दासम्म लोकतन्त्रवादी समर्थन फिर्ता लिएपछि दलाल र विचौलिया ! संसदीय खेलमा कतै फिट नखाने कामरेडको यो विचित्रको हुङ्कार थियो । बहिर्गमनबाट पैदा भएको छटपटीका बिच 'एमाले-कांग्रेसका ठुला नेतासँग जोडिएका फाइलहरू धमाधम आफ्नो सरकारले खोल्न थालेपछि आत्तिएर सरकार गिराएको' भाष्य तयार भयो । तर, कामरेडले बडो जतनका साथ तयार पारेको त्यो स्क्रिप्टमा कुनै दम थिएन । त्यसले उनलाई नै गिज्याईरहेको थियो । प्रश्न कामरेडतिर नै तेर्सिएको थियो : यदि कांग्रेस-एमाले भ्रष्टाचारकै मतियार र बिचौलियाका सरदार थिए भने दुई दशकसम्म उनीहरू कसरी प्रिय भए ? नक्कली भुटानी शरणार्थी काण्डको वास्तविकता यो हो कि पत्रिकाले २७ अप्रिल २०२३ मा यो काण्ड उजागर गरेपछि यो विश्वव्यापी बनेको थियो । नेपालीहरुलाई नक्कली भुटानी बनाएर अमेरिका लैजाने विषय अमेरिकी प्रशासनका लागि त्यहाँको सुरक्षासँग प्रत्यक्ष जोडिएको मुद्दा भएको हुनाले यसलाई सरकार वा मातहतको कुनै पनि निकायले लिपापोती गर्न सम्भव थिएन । त्यसो भएको खण्डमा अमेरिकी शक्तिशाली गुप्तचर निकाय एफ.बि.आई. ले हस्तक्षेप गर्ने पक्का थियो । यसै सन्दर्भमा अमेरिकी प्रशासनका 'ग्लोबल एन्टी करप्शन' प्रमुख रिचर्ड नेफ्युले वर्ष २०२३ मा अगस्टको तेस्रो साता नेपालको भ्रमण गरेका थिए । त्यसैगरी ललिता निवास काण्डका अभियुक्त विरुद्ध फेब्रुअरी २०२० मा ओली सरकारको कार्यकालमै अख्तियारमा मुद्दा दर्ता भएको थियो । जसमा अनुसन्धान अन्तिम चरण अर्थात् अभियुक्तहरूको गिरफ्तारीको चरणमा पुगिसकेको थियो । यसमा पनि कसैले ढाकछोप गर्न सम्भव थिएन ।



*तस्विरः ए.आई. जेनरेटेड*

माओवादीले दाबी गरेजस्तै दलका एक-दुई थान नेता र एकाध उच्च ओहोदाका नोकरशाहहरुलाई भुटानी शरणार्थी काण्ड र ललिता निवास काण्डमामा जेल पठाएर कुनै बहादुरीको काम भएको थियो त ? बिलकुलै थिएन । विगतमा पनि अनेकौं पटक राज्यका उच्च ओहोदामा बसेका पदाधिकारीहरू जेल बसेका अनेकौं उदाहरण छन् । उदाहरणका लागि दरबारको शासनकालमा चालीसको दशकमा राजकुमार धीरेन्द्रका पार्श्ववर्ती भरत गुरुङ र आइ.जी.पी. डी.बी. लामा लागु औषध ओसारपसार र भ्रष्टाचारको मुद्दामा जेल परेका थिए । ती उच्च अधिकृतहरू पञ्चायतकालमा अत्यन्त शक्तिशाली थिए । त्यसैगरी नेपाली कांग्रेसका नेताहरू गोविन्दराज जोशी, जयप्रकाश प्रसाद गुप्ता र खुमबहादुर खड्काहरु पनि आफ्नै दलको सरकार हुँदा भ्रष्टाचारको अभियोगमा कैयौं वर्ष जेलमा थिए । जयप्रकाश प्रसाद गुप्ता त कुनै समयमा गिरिजाबाबुका खास नै थिए ।

केही दिन पहिले मात्र कामरेडले 'नयाँ भनिनेहरू देशी विदेशी शक्तिबाट' परिचालित भएको उद्गार व्यक्त गरे । ओली-देउवाले त्यसो भनेको भए शायद केही सुहाउँथ्यो पनि किनकि उनीहरू कहिल्यै पनि विदेशी भूमिमा बसेर जनयुद्ध सञ्चालन गरेका थिएनन् । जब-जब सत्ताबाट बाहिरिनु पर्छ तब-तब कामरेडले विदेशी शक्तिहरूको राप अलाप्ने गर्दछन् । हेक्का रहोस्,अस्ति भर्खरै उनी दिल्लीबाट प्रधानमन्त्री नरेन्द्र मोदीका प्रमुख सुरक्षा सल्लाहकारलाई भेटेर फर्केका हुन् । सन् २००९ मा पहिलो सरकारबाट बेइज्जतपूर्वक हट्दा पनि उनले विदेशी शक्तिको हात देखेका थिए । पहिलो माओवादी सरकारबाट बाहिरिएपछि डिसेम्बर २००९ मा राजधानीको बानेश्वरमा आयोजित सभामा विदेशी प्रभु सामु नझुक्ने वाचा गरेका थिए । उनले अब प्रष्ट हुने गरी बुझेका छन् कि अब फेरी कहिल्यै त्यो सत्तासुख आफूलाई प्राप्त हुने छैन । शायद रुकुमको च्यालीमा कमरेडको अनुहारमा पहिले देखिएको 'रौद्र रस' र त्यसपछि अनुहारमा प्रकट भएको 'करुण रस' यसकै अभिव्यक्ति थियो ।रातोपाटी

# पुराना दलले पनि आत्तिनु पर्दैन, नयाँले मात्तिनु पर्दैनः

मुलुकको विषम परिस्थितिमा कार्यकारी प्रमुखको जिम्मेवारी सम्हालेर प्रधानमन्त्री सुशीला कार्कीले तोकिएको समयमा प्रतिनिधिसभाको निर्वाचन गराउने कार्यभार पूरा गर्नुभएको छ । निर्वाचन हुने/नहुने भन्ने संशयकाबीच यही फागुन २१ गते शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न भएर मतपरिणाम सार्वजनिक भई नयाँ सरकार गठनको तयारी सुरु भएका बेला प्रधानमन्त्री कार्कीमा एक प्रकारको सन्तोष मिलेको देखिन्छ । निर्वाचन गराउने दायित्व पूरा गर्दा भोग्नुपरेका समस्या, चुनौती र पूर्वप्रधानन्यायाधीश प्रधानमन्त्री भएर सरकारको नेतृत्व गर्दाका अनुभूतिबारे प्रधानमन्त्री कार्कीले रासस समाचारदाता कालिका खड्कासँग गर्नुभएको कुराकानीको सम्पादित अंशः

**शुशिला कार्की**
**प्रधानमन्त्री**

**शान्तिपूर्ण तरिकाले प्रतिनिधिसभा सदस्यको निर्वाचन सम्पन्न भयो । प्रधानमन्त्रीका हैसियतले यहाँले सफल नेतृत्व गर्नुभयो । कस्तो महसुस भइरहेको छ ?**

मलाई त्यस्तो बेग्लै महसुस त भएको छैन । तर, देशको चिन्ता सबैलाई थियो । एउटा अनिश्चयकाबीच शान्तिपूर्ण तरिकाले निर्वाचन सम्पन्न भयो । देशको बारेमा चिन्ता गर्ने, मुलुकको भलाइ चाहने सबै खुसी छन् । म पनि खुसी छु । सरकारलाई जुन जिम्मेवारी तोकेर दिइएको थियो । त्यो हामीले समयमै पूरा गर्न सक्यौँ । आनन्दजस्तो महसुस भएको छ ।

**मुलुकको विषम परिस्थितिमा कार्यकारी प्रमुखको जिम्मेवारी सम्हाल्नुभयो । जेनजी आन्दोलनपछिको अवस्था भएकाले सुरूसुरूका दिनमा पक्कै पनि चुनौतीहरू थिए । ती चुनौतीहरूलाई कसरी सम्झनुहुन्छ ?**

मैले नेतृत्व लिएका अवस्थामा धेरै चुनौतीहरु थिए । आफैँलाई पनि काम गर्न सकिन्छ कि सकिँदैन भन्ने लागेको थियो । समय जम्मा छ महिनाको थियो । त्यसमाथि प्रहार धेरैले गरे । अविश्वास पनि गरे । हाम्रोविरुद्ध सिङ्गै पुराना दल उभिए । जेनजी हुँ भन्नेहरुले तुरुन्तै छोड पनि भने । जेनजीको आन्दोलनलाई अपहरण गरेर आयौँ भने । त्यसबेला हामीलाई सहयोग गर्ने मान्छे एकदम कम थिए । मन्त्रिपरिषद्का सदस्यले एकअर्कालाई सान्त्वना दिँदै काम गर्‍यो । विदेशी कूटनीतिक नियोगका प्रतिनिधिसँग भेट्दा पनि 'सम्भव छ र ?' भन्ने जस्ता प्रश्न आउँथे । शान्ति र सहानुभूतिको कुरा धेरैतिरबाट आएन । हाम्रा पछाडि समर्थकको ठूलो पङ्क्ति र सङ्गठन थिएन । हामी सीमित मान्छे सरकारमा थियौँ । त्यो बीचमा धेरै हमला भयो । हामीप्रति मानिसको विश्वास पनि थिएन । त्यसमाथि एउटा महिला भन्ने खालका टिप्पणी सुनिँदै थिए । तर मैले एक कानबाट सुनेँ, अर्को कानबाट उडाइदिएँ । आफ्नो काम छोडिनँ ।

**त्यस्तो कठिन अवस्थामा 'म सक्छु नेतृत्व गर्न' भन्ने आँट, साहस र भरोसा चाहि कहाँबाट आयो ?**

म सक्छु भन्ने मनभित्रैदेखि नै आयो । प्रधानमन्त्री हुनुभन्दा पहिला मैले अन्दाज गरेको रैनछु । मेरो शरीर, तागत, बल १६ देखि १८ वर्षको जस्तो रहेछ । सक्दिँन भन्ने भयो भने त उच्च रक्तचापका कारण मानिसलाई त 'सक' हुन्छ । पत्रपत्रिकामा जताततै आलोचना मात्रै आउँथ्यो । मेरो त रक्तचाप बढ्नुको सट्टा घट्दै आयो । डाक्टर नै छक्क पर्नुभयो । तर मेरो आत्तिने बाँनी छैन । त्यो भोगेर पनि आएको हो । राजनीतिक एउटा मूल्यमान्यता हुन्छ । न्यायालयका मानिसले पनि भोगेर त आएका हुन्छन् । एउटा सकसको अवस्था मैले सामना गरेरै आएको हो । अदालतमा एकै महसुस गरिन्थ्यो । तर त्यहाँ अभिव्यक्त गर्न पाइँदैन । यहाँ अभिव्यक्त गर्न पनि पाइन्छ ।

अर्को कुरा, सानैदेखि मलाई 'सहनुपर्छ, आत्तिनु हुँदैन' भनेर सिकाइएको थियो । मलाई सानैदेखि आँट गरेर केही काम गर्‍यो भने जे पनि गर्न सकिन्छ भन्ने लाग्थ्यो । आत्मविश्वास पनि थियो । मैले धेरैपटक भगवान्लाई गुहारेँ । मलाई लाग्यो कि कहिले माओवादीको सशस्त्र द्वन्द्व भनेको छ, मान्छे मारेको छ । कहिले के भनेको छ । कहिलेसम्म नेपालीले ज्यान फाल्ने ? 'भगवान्, यतिचाहिँ गर्नुस्' भनेर मैले हात जोडेँ ।

मलाई नपुग्दो केही छैन । प्रधानन्यायाधीश भएँ । प्रधानमन्त्री भएँ । मेरा छोराबुहारी छन् । नाति छ । बस्ने बास छ । मलाई सबै कुरा तृप्त छ । 'मलाई अब निजी कुरा केही चाहिएन, म जन्मेको, हुर्केको देशलाई त्राण देऊ भगवान्' भनेँ । मैले जेजे मागेँ, त्यही पुग्यो । त्यो मलाई आशीर्वाद दिएको होला पिताजी, माताजीहरुले माथिबाट... । निर्वाचनको दिन पानी पर्दैन भनेँ, पानी परेन । हिउँ झर्दैन भनेर मैले भनेँ, झरेन । मैले मेरो आत्मविश्वासले यस्तो भनेकी थिएँ । संयोगबस मौसम राम्रो भयो । अनि प्रकृतिलाई पनि धन्यवाद भनेकी छु ।

**देशको नेतृत्व गरिरहादा सबैभन्दा कठिन मोड, अब मैले सक्दिना कि भन्ने कुनैबेला लाग्यो कि ?**

त्यस्तो त पटकपटक लाग्यो नी । जेनजी आन्दोलनका सहिदका बुबाआमा बालुवाटार आएर रोएको दिन हृदयाघात नै होलाजस्तो भयो । पत्रपत्रिकामा 'सक्दैन सरकारले' भनिरहेकै देखिन्थ्यो । एउटा जेनजीले भन्यो, 'हामीले सरकार चलाउनुपर्ने तिमीले किन चलायौँ ।' तिनीहरुले पहिला राष्ट्रपतिसँग 'म सक्छु भन्न सकेनन् । सरकारको अवधि सकिने बेलामा 'मलाई मन्त्री बनाइदेऊ' भन्न आइरहेका थिए । तर म रिसाइनँ, ती बच्चा, केटाकेटी न हुन् ।

एक/दुई जनाले त 'यसलाई असफल बनाएर आफैँ प्रधानमन्त्री बन्छु' पनि भने । राजनीतिक दलको भनाइ चाहिँ तपाईं प्रधानमन्त्री भए पनि राजनीतिक दलको मन्त्री राखेर सरकार चलाउनु भन्ने पनि आएको थियो । यो देशमा प्रधानमन्त्री सबैभन्दा ठूलो कुरा हुने रैछ । मेरा लागि त त्यस्तो अमूल्य छैन । म अहिले पनि प्रधानन्यायाधीश भन्न नै मनपर्छ । न्याय क्षेत्रकै सङ्गत मनपर्छ । तर मानिसलाई प्रधानमन्त्रीमा आकर्षण हुने रैछ । 'त्यो सुशीलाले सक्ने, हामीले नसक्ने ?' पनि भने । अपशब्द पनि बोले । यस्तो कपडा लगाएको, चुरा यस्तो लगाएको, बाङ्गो भएर हिँडेको भन्ने जति त सबै भने । जति आलोचना गरून्, मलाई केही फरक पर्दैन । आफ्नो नजर हो ।

**निर्वाचन अब हुन्छ भनेर ढुक्क चाहि तपाईंलाई कुन बिन्दुबाट लाग्यो ?**

गत भदौ २७ गते प्रधानमन्त्रीमा मेरो नियुक्ति भयो । त्यसको भोलिपल्ट २८ गते शनिबार थियो, २९ गतेदेखि निर्वाचन आयोगले काम सुरु गर्‍यो । हामीले सबैभन्दा पहिला जेनजी आन्दोलनमा सहादत पाएका सहिदका परिवारको समस्यामा ध्यान दियौँ । उहाँहरुका परिवारले जेजे भन्नुभयो, त्यो सुन्यौँ र त्यसैअनुसार काम गर्‍यौँ । त्यसपछि निर्वाचनमा ध्यान दियौँ ।

निर्वाचनमा सहयोगका लागि छिमेकी मुलुकलाई पनि अनुरोध गर्‍यौँ । प्रहरीसँग गाडी अपुग थिए । मित्रराष्ट्र भारत र चीनबाट सहयोग पनि प्राप्त भयो । मुख्य ध्यान निर्वाचनमै केन्द्रित गरेर काम गर्‍यौँ । निर्वाचन आयोगले मागेको कुरामा सहजीकरण सबै गर्‍यौँ । मानसिक वातावरण बनाउनका लागि राष्ट्रपतिसँग छलफल गर्‍यौँ । जेनजीका २१/२२ वटा समूह निस्किए । एउटाले एउटा भन्छ, अर्काले अर्को भन्छ । पार्टीको भ्रातृ सङ्गठनजस्तो भयो जेनजी त । कोहीले कार्यकारी प्रधानमन्त्री, कोहीले निर्वाचित प्रधानमन्त्री र केहीले संविधान संशोधन गर्न भने । संविधानले गर्न नमिल्ने कुरा पनि भनिरहेका हुन्थे । जेनजीहरुले भनेको कुरालाई नसुने झैँ गर्न पनि भएन । राजनीतिक दल भन्छन्– यो सरकारले निर्वाचन मात्रै गराउने हो । जेनजी भन्छन्– सबै काम गर, यो त विद्रोहबाट आएको सरकार हो । हामी त ताइमा फुलौरा उफ्रिएजस्तो भयौँ । त्यो अवस्था पनि भोग्नुपर्‍यो ।

विभिन्न आरोहअवरोहका बीचमा ऐतिहासिक रूपमा शान्तिपूर्ण निर्वाचन सम्पन्न भयो । मनभित्र जिन्दगीको सबैभन्दा ठूलो उपलब्धि हासिल गरेजस्तो लागेको छैन ?

त्यस्तो मलाई लागेको छैन । जीवनमा एक कक्षाको परीक्षा दिइयो, पास भइयो । दुई कक्षाको परीक्षा दिइयो, पास भइयो । पढ्दापढ्दै स्नातकोत्तर पास भइयो । जीवनमा समयअनुसार परीक्षा भइरहन्छ । साँच्चै भन्नुहुन्छ भने यो जीवनको एउटा सङ्ग्राम थियो । मुलुकले राहत पायो । सुरुमा मेरो मुखबाट शब्द निस्किएको थियो, 'निर्वाचनमा



मान्छे मर्नुहुँदैन । एकथोपा रगत पनि झर्नुहुँदैन ।' अन्ततः त्यस्तै शान्तिपूर्ण भयो । म आमजनतालाई धन्यवाद दिन चाहन्छु । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग, निर्वाचन प्रहरीलगायत सबै सुरक्षाकर्मीको निर्वाचन यसरी सफल पार्न ठूलो योगदान छ । म प्रधानमन्त्रीको हैसियतले धेरै धन्यवाद दिन चाहन्छु ।

**निर्वाचन र सरकारलाई सफल पार्न कसको कस्तो सहयोग मिल्यो ?**

सरकारको मूल कार्यभार निर्वाचन गराउने थियो । यसको ५० प्रतिशत श्रेय म निर्वाचन आयोगलाई दिन चाहन्छु । निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीसहित तीन आयुक्तको नेतृत्वमा भएको योगदान इतिहासले बिर्सन सक्ने छैन । आयोगमा पाँच जना पदाधिकारी हुनुपर्नेमा तीन जनाले पनि यति ठूलो काम गर्नुभयो । म प्रधानमन्त्रीका हैसियतले तीनै जना पदाधिकारीलाई र सिङ्गो आयोगलाई धन्यवाद दिन चाहन्छु । मन्त्रिमण्डलमा सबैभन्दा धेरै धन्यवाद म गृहमन्त्री ओमप्रकाश अर्याललाई दिन चाहन्छु । दिनरात मेहनत गर्नुभएको छ । अरु मन्त्रीहरुलाई पनि धन्यवाद दिन चाहन्छु ।

सरकारले यो सफलता पाउनुमा प्रत्येक नागरिकको उत्तिकै योगदान छ । चारवटै सुरक्षा निकायका प्रमुखहरूले पनि एकीकृत सुरक्षा योजना बनाउन र प्रभावकारी रुपमा लागू गरी मुलुकलाई यो ठाउँमा सुरक्षित अवतरण गर्न ठूलो भूमिका खेल्नुभएको छ ।

मलाई सफल पार्नका लागि मेरो निकट रहेर दुई सहयोगी व्यक्तित्व प्रेस सल्लाहकार रामबहादुर रावल र प्रमुख स्वकीय सचिव आदर्शकुमार श्रेष्ठले जीवनमा बिर्सन नहुने गुन लगाउनुभएको छ । रावल जी पत्रकार मात्रै होइन, उहाँमा इमानदारी र मानिसलाई सहयोग गरूँ भन्ने भावना मात्रै छ । प्रमुख स्वकीय सचिव श्रेष्ठ अदालतको कर्मचारी हो । अदालतमा काम गर्ने प्रविधि र कानुनमा राम्रो ज्ञान भएको कानुनकै विद्यार्थी पनि हो । धेरै प्रधानन्यायाधीशको निजी सहायकका रुपमा काम गरेको व्यक्ति हो । म प्रधानन्यायाधीश हुँदा पनि निजी सहायक नै थियो । सचिवालयमा २०/२५ जनाले गर्ने काम यिनीहरुले गरे ।

लामो समय अदालतमा काम गरेको, आइटी र कानुनमा राम्रो दख्खल भएको व्यक्ति हो । धेरै प्रधानन्यायाधीशको सचिवालयमा निजी सहायक भएर सबैको विश्वास जितेर काम गरेको हो । यो उमेरमा मलाई सफल पार्न ७५ प्रतिशत आदर्शको हात छ । उसैको देनका कारण सम्भव भयो । प्रधानमन्त्रीको स्वकीय सचिवालयमा पहिला ४०-५० जना कर्मचारी हुन्थे । म सबैलाई मुरीमुरी धन्यवाद दिन चाहन्छु ।

अर्को नेपाली सेनाका प्रमुख सेनानी बालमुकुन्द विष्ट र सेनानी सुरज ओझा अत्यन्तै विद्वान् हुनुहुन्छ । उहाँहरूले संसारभरिका विषयमा मलाई अपडेट गराउनुहुन्थ्यो । उपसेनानी गोमा बूढाथोकीले मलाई छोरीले जस्तै हेरचाह गर्नुभयो ।

**सचिवालयका विषयलाई लिएर बीचमा विवाद पनि आयो नी । त्यो खास के भएको थियो ?**

मेरो घर भएको क्षेत्र नेवारी क्षेत्र हो । मेरो घरायसी व्यवस्थापनमा उहाँहरुबाटै सहयोग पाइरहेको थिएँ । बालुवाटारको निवास र अन्य व्यक्तिगत सरसहयोगका निम्ति तिनै चिनेजानेका केही नेवार समुदायका मान्छे लिएर आएँ । उहाँहरूको काम कुनै राजकाजको सरकारी काम थिएन, विशुद्ध मलाई निजी कुरामा सहयोग गर्ने मात्र थियो । प्रमुख स्वकीय सचिव आदर्श पनि नेवार । पछि त सबै आदर्शका आफ्ना नातागोता भनेर 'नेपोटिजम' को कुरा ल्याइयो । ती आदर्शका मान्छे नभएर मेरा मान्छे थिए । त्यो आलोचना ठीक लागेन । अनि मैले खाना पकाउनेदेखि धेरैलाई हटाएँ । केही दिन आफैँले खाना पकाएँ । त्यसपछि सुरक्षाकर्मीले पनि सघाए । आलोचना त हुन्छ तर अचम्मचाहिँ यसअघिका प्रधानमन्त्रीहरूले सचिवालयमा ९० जनासम्म राख्दा नेपोटिजम केही भएन । म ७३ वर्षको उमेरमा आएर सबै काम आफैँ गर्नुपर्छ भनेर बाध्य बनाइयो । हटाउने अवस्थामा पुर्‍याइयो । मलाई सिधै आक्रमण गर्न नसकेपछि मेरो सचिवालयका कर्मचारीलाई आक्रमण गरेका थिए । तर, आजको दिनमा ती सबैलाई धन्यवाद नै दिन चाहन्छु ।

**निर्वाचन गराउन सुरुमा राजनीतिक दलहरूसाग संवाद गर्नुपर्ने मुख्य चुनौती थियो । त्यो चुनौतीको सामना कसरी गर्नुभयो ?**

मुलुकमा १२५/१३० पार्टी थिए । विविध विचारका छन् । धेरैको मुखमा रामराम, बगलीमा छुरा । केही एक्लै पार्टी चलाएका छन् । पैसा उठाएर हिँड्ने । हर प्रकृतिका मानिस छन् । कोही साम्यवादी, कोही प्रजातन्त्रवादी छन् । कोही पूर्वराजाकामा जानेछन् । प्रधानमन्त्री जोसुकै होस्, देश बनाऊँ न भन्ने कोही छैन । खाली कुर्सीको मोह मात्रै छ ।

कुर्सीमा बसेर सबैथोक हुँदैन । मुलुक बनाउने हो भने आआफ्नो क्षेत्रमा काम गरे पुग्छ । अरू केही नगरे पनि आफ्ना छोराछोरीलाई राम्रोसँग पढाए परिवार त बन्छ । तर कुर्सी मोह मात्रै देखिन्छ । कानुनी क्षेत्रबाट आएको मान्छे मलाई छ महिना कटाउनै पर्छ भन्ने पनि लागेको थिएन । गाली पनि खायौँ । कति नराम्रोसँग गाली गर्ने नेतासँग भेट्यौँ । राष्ट्रपति कार्यालयमा जेनजीका प्रतिनिधिसँग बस्दा अहिले नै 'गेटआउट' भनेको पनि सुन्यौँ । 'तँलाई प्रधानमन्त्रीमा राख्दैनौँ' भने । त्यो तँतँ र मम पनि सह्यौँ । 'तैँले भनिस्, म निस्केर गएँ' भनेर छाडेको भए देशको जिम्मा कसले लिन्थ्यो ? म पनि यही देशको जनता हो । यो देशप्रति माया मलाई छ । मैले छोड्न मिल्दैनथ्यो ।

राजनीतक दलका मानिसलाई धेरै भेट्यौँ । प्रमुख राजनीतिक दलका नेताहरु नेपाली कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवा, नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली, नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहल 'प्रचण्ड', राष्ट्रिय स्वतन्त्र पार्टीका नेतासहित १२५ वटै पार्टीसँग पनि छलफल गर्‍यौँ । त्यत्रो आन्दोलन भयो । त्यो परिस्थितिबाट अहिलेको परिस्थितमा मुलुकलाई त ल्यायौँ नि । एउटा आइजिपीले मलाई हप्काएको थियो, बोल्दाबोल्दै । यो सबै सङ्घर्ष त थियो नी ।

पुराना कर्मचारी र पुराना सचिवले त पुरानै दल खोजिरहेका थिए । नयाँले नयाँ कुरा गर्छन् । त्यो सबै सहेर अहिले शान्तिपूर्ण अवस्थामा पुर्‍यायौँ । त्यसका लागि अथक प्रयास गरियो । एकैदिनमा १४ वटा बैठकसम्म गरेँ । धेरैपटक राति २-३ बजेसम्म पनि बसेका छौँ । प्रत्येक दिन पाँच वटा, १० वटा बैठक गरेको छ, मान्छे भेटेको छ । वातावरण बनाउने प्रयासकै लागि थित्यो त्यो ।

फेरि संस्कार कस्तो भएको रैछ भने हरेकलाई प्रधानमन्त्री भेट्नैपर्ने, फोटो खिच्नैपर्ने, त्यो पनि गरियो । किनभने, जसरी पनि चुनावी वातावरण बनाउनु थियो । निर्वाचनको दिन बेलुका ५:०० बजेसम्म पनि के हो, के हो भन्ने भइरहेको थियो । मतदान हुँदाहुँदै हमला हुने हो कि भन्ने अवस्थालाई रोकियो । धार्मिक साम्प्रदायिक कुरालाई लिएर ठाउँठाउँमा तनाव सिर्जना गरिए । ती पनि रोक्यौँ ।

राष्ट्रिय अनुसन्धान विभाग प्रधानमन्त्री मातहत राखेर निकम्मा बनाइएको रहेछ । अहिले त्यो गृह मन्त्रालय मातहत राखेर क्रियाशील गराइएको छ । यो निर्वाचन सम्पन्न गर्न र धेरै ठूला दुर्घटना टार्न अनुसन्धान विभागको सूचनाले महवपूर्ण काम गरेको छ ।

**विघटित प्रतिनिधिसभा पुन:स्थानाका लागि तत्कालीन प्रमुख दलहरू सर्वोच्च अदालतमा समेत गएका थिए नी ?**

सरकारलाई जसरी पनि निर्वाचन गराउनु थियो । सबै दलहरुसँग पटकपटक संवाद, छलफल गरिरह्यौँ । मुलुकलाई पूरै निर्वाचनतर्फ डोहोर्‍याउने काम गरियो । अन्ततः सफल भयो ।

निर्वाचनमा नयाँ दलले झण्डै दुई तिहाइ हैसियतमा विजय हासिल गरेको छ, पुराना स्थापित दलहरु कमजोर देखिए । यो परिणामलाई कसरी लिनुभएको छ ?

अहिलेको मतपरिणाम युवाको हो । जेनजी आन्दोलनको असर पनि हो । परिर्वतनको चाहना पनि हो । तर पुराना दलले पनि आत्तिनुपर्दैन । नयाँले मात्तिनु पर्दैन । हामीले पनि नसोचेको भयो । मैले त ओली जी हार्नुहोला भन्ने सोचेको पनि थिइनँ । उहाँको ३०/४० वर्ष राजनीति गरेको ठाउँ, उहाँको इष्टमित्र सबै भएको ठाउँ हो । अन्तिममा भेट्दा मैले ओलीजीलाई भनेको थिएँ । राजनीतिमा कस्तो हुन्छ भने मेरा परिवारका मानिस पनि कांग्रेस छन् । वर्षभरि पार्टीलाई धारे हात लाउँछन् तर भोट दिनेबेलामा त्यसैलाई दिन्छन् । तपाईंलाई भोट दिन्छन् भनेको थिएँ । त्यस्तो होला भन्ने त मलाई पनि लागेको थिए । जनताले दिएको मतलाई सम्मान गर्नुपर्छ । रास्वपाले पाएको मतको सम्मान गर्नुपर्छ । विपक्षीले थोरै मत पाएको भए पनि रास्वपाले त्यसलाई सम्मान गर्नुपर्छ । राजनीतिमा निर्वाचन नभएसम्म यो पार्टी र त्यो पार्टी हुन्छ । निर्वाचनपछि अल्पमतलाई पनि जित्नेले बेवास्ता गर्नुहुँदैन । पुराना पार्टीलाई रास्वपाले सम्मान गर्नुपर्छ । सत्तापक्षले गलत गरेमा प्रतिपक्षले विरोध गर्नुपर्छ । राजनीति भनेको सामाजिक सेवा हो । भारतमा इन्दिरा गान्धीले त्यसैगरी हार्नुभएको थियो, पछि जित्नुभयो । नेपालका परिपक्व भएका नेतालाई जनताले बिर्सिँदैनन् । आज एउटा लहर आएको हो, भोलि अर्को आउन पनि सक्छ ।

**गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको भावनाबमोजिम अहिलेको सरकारले सुशासन कायम र भ्रष्टाचार नियन्त्रणका लागि केके काम गर्न सक्यो ?**

सुशासन र भ्रष्टाचार नियन्त्रणमा हामीले सक्दो प्रयास गर्‍यौँ । विगतका सरकारले गर्नेजस्तो ह्वारह्वार खर्च गरेनौँ । मैले तबल लिइनँ । म बालुवाटारमा बस्छु । त्यति मात्रै हो । केही लिन्नँ । बुलेट प्रुफ गाडी, बाहिर यात्रा गर्दा नेपाली सेनाको हेलिकप्टरको प्रयोग गर्नुपर्ने रहेछ । केही मन्त्रीले पनि तलब लिनुभएको छैन । केही मन्त्रीको त अर्को आयस्रोत नै छैन, लिनैपर्‍यो ।

हामीले अनावश्यक खर्च कटौती गर्‍यौँ । निर्वाचनमा पनि जम्मा रु ३२ अर्बखर्चको हिसाब छ । तर त्यो खर्च प्रहरी, सेना र सुरक्षा सामग्रीमा गएकोसमेत हो । भोलि पनि काम लाग्ने सामग्री छन् । अत्यावश्यक मात्रै खर्च भयो । निर्वाचन आयोगले पनि न्यूनतम खर्च गरेको छ, एकदम मितव्ययी भएर । राष्ट्रियसभाको निर्वाचनमा चार करोड अनुमान गरेकामा रु दुई करोड मात्रै खर्च भएको छ ।

मलगायत केही मन्त्रीले त रातो पासपोर्ट नै बनाएनौँ । विदेश भ्रमणमा गएर राज्यकोषमा भार थपेनौँ । निर्वाचनको अवस्था बुझ्न र त्यहाँ परिचालित जनशक्तिलाई ढाडस दिन केही जिल्लामा गयौँ । मलाई लाग्छ, यति मितव्ययिता अपनाउने सरकार विगतमा थिएन ।

कर्मचारीतन्त्र र सुरक्षा सङ्गठनमा नियुक्ति र बढुवा गर्दा कतै चलखेलको ठाउँ नराखी ज्येष्ठता र कार्यक्षमतालाई आधार मान्यौँ । ती सङ्गठनको दीर्घकालीन मनोबल बढाउने काम गर्‍यौँ ।

विश्वविद्यालयजस्ता प्राज्ञिक थलोहरूलाई हामी उचित सम्मान दियौँ । त्यहाँका नियुक्तिमा हस्तक्षेप गरेनौँ । हामीले १९ वटा विश्वविद्यालयका सभामा हुने नियुक्ति र मनोनयनमा हाम्रा मान्छे भनेर सूची दिएनौँ । जबकि त्यहाँ ४५ जनासम्म नियुक्ति हुने रहेछ र ती सबै सदस्य रुलिङ पार्टीको मात्रै हुने रैछ । नातागोता कसैलाई नियुक्ति गरेनौँ । सुरक्षा सङ्गठनका प्रमुखहरू कार्की थरका भनेर पनि टिप्पणी गरिए । तर उहाँहरु मेरो नाताका कार्की होइन, गोत्र पनि मिल्दैन क्यारे ।

मुख्यसचिव बनाउँदा पनि ज्येष्ठतालाई ध्यान दियौँ । यस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नेपाल प्रहरी, सिआइबीलगायत संस्थाले अभूतपूर्व व्यावसायिक स्वतन्त्रताका साथ काम गरेका छन् । म ती संस्थाका प्रमुख तथा पदाधिकारीहरूको उच्च प्रशंसा गर्दछु ।

जेनजी आन्दोलनको जाँचबुझ गर्न गठित आयोगका पदाधिकारीले पनि यो सरकारका पालामा कुनै भनसुन सुन्न नपरेको भन्दै हुनुहुन्थ्यो । सम्पत्ति शुद्धीकरण विभाग, राजस्व अनुसन्धान विभागजस्ता संस्थालाई प्रधानमन्त्रीको मातहतबाट सम्बन्धित मन्त्रालयमा पठाइदिएँ । मुलुकका १९ वटा विश्वविद्यालयको कुलपति प्रधानमन्त्री हुने रैछ । यसमा संशोधन गर्न खोजेका थियौँ तर अध्यादेश ल्याउन सम्भव भएन । जो पायो । त्यही राख्ने होइन । विज्ञताका आधारमा राख्नुपर्छ ।

भदौ २३ र २४ गतेको घटनाको छानबिन गर्न गठित जाँचबुझ आयोगले प्रतिवेदन बुझाइसकेको छ । प्रतिवेदन सार्वजनिक र कार्यान्वयनको माग उठिरहेको छ । यसमा सरकारले के गरिरहेको छ ?

आयोगले प्रतिवेदन बुझाएको छ । आज मन्त्रिपरिषद् को बैठक बस्दैछ । त्यहाँ छलफल गरेर आउने निर्णय लिन्छौँ । अब हामीसँग धेरै समय पनि छैन । नयाँ जनादेश आइसकेको छ । नयाँ सरकारले पनि बाँकी प्रक्रिया अवश्य अघि बढाउनेछ ।

**केही दिनमा नयाँ सरकार बन्दैछ । नयाँ सरकारलाई यहाँको सन्देश के हुन्छ ?**

नयाँ सरकारले सबैभन्दा पहिला जेनजीले राखेका तीन वटा माग पूरा गर्नुपर्छ- सुशासन कायम, भ्रष्टाचार नियन्त्रण र रोजगारीको व्यवस्था । सबैभन्दा ठूलो समस्या रोजगारीको अभाव छ । भएका अवसरमा पनि नातावाद छ । यस्तो अवस्था हटाउँदै आर्थिक स्थितिमा सुधार गर्नुपर्छ । खुलेआम भ्रष्टाचार रोक्नुपर्छ । सबैभन्दा ठूलो सुधार सिंहदरबारभित्र गर्नुपर्ने मैले देखेको छु । त्यहाँ काम गर्ने कर्मचारीहरु राजनीतिकरण हुने गरेको देखियो । हरेक कामलाई सचिवहरू फनफनी घुमाइरहँदा रहेछन् । आफ्नो स्वार्थको कुरामा दुई तीन वटा विकल्प ल्याउँछन्, आफ्नो स्वार्थको कुरा छैन र देशको कुरा छ भने त्यो हुँदैन र मिल्दैन मात्र भन्ने । अख्तियार देखाउने । केही सीप नलागे विवादमा परिन्छ हजुर भन्ने । त्यो मैले रद्दी देखेको छु । सरकारको काममा ७५ प्रतिशत असर त्यहाँबाट परेको छ ।

समयमा कुनै परियोजना पूरा हुँदैनन् । नेपाली हो भने त पीर पर्नुपर्छ नि । आज म दुःखपूर्वक भन्दै छु, हामीले कुनै सहयोग पाएनौँ । तर हामीले पूर्ण व्यावसायिक स्वतन्त्रताका साथ काम गर्न प्रेरित गरेपछि यसबीचमा अख्तियारले केही ठूला मुद्दा अघि बढाएको छ । ४०-४५ थान भ्रष्टाचारका मुद्दा यही सरकार आएपछि दर्ता गरेको छ । अन्यथा कतैबाट सहयोग भएन ।

कर्मचारीतन्त्र चुस्तदुरुस्त हुनुपर्छ । ठूलो क्रान्तिकारी कदम नै अब कर्मचारीतन्त्र सुधारका लागि चाल्नु आवश्यक देख्दछु । अहिलेकै तरिकाले त राम्रो छवि ल्याउने देखिँदैन ।

**पहिलो महिला प्रधानमन्त्रीको इतिहास पनि रचिसक्नुभएको छ । अब जिम्मेवारीबाट बाहिरिएपछि के गर्नुहुन्छ ?**

मैले विषम परिस्थितिमा प्रधानमन्त्री भएर जुन काम गर्नुपर्ने हो, त्यो पूरा गरेँ । अब म पुरानै निजी दैनिकीमा फर्किन्छु ।

**राष्ट्रपति हुने भन्ने पनि चर्चा छ नी ?**

अब अरु कुनै मोह छैन । मभन्दा लायक र अवसर नपाएका मान्छे अरू पनि धेरै हुनुहुन्छ ।

**अन्त्यमा, आँनो प्रधानमन्त्री कार्यकालको भन्नैपर्ने केही कुरा छन् ?**

सरकारलाई निर्वाचन गराउने जिम्मेवारी थियो । त्यो पूरा भयो । विकासका क्षेत्रहरुमा पनि केही प्रयास भएका छन् । नयाँ सरकारले देशका युवालाई रोजगारी दिनुपर्छ । देशमा बस्ने वातावरण बनाउनुपर्छ । विदेश गएर बाकसमा फर्कनुपर्ने अवस्थाको अन्त्य होस् । शिक्षामा सुधार जरुरी छ । देशप्रति विश्वासको वातावरण बनाउनैपर्छ । प्राकृतिक स्रोतसाधनका हिसाबले अन्यन्तै सुन्दर देश छ । अब द्वन्द्व र तनावको अवस्था नहोस् । सबै मिलेर बस्ने वातावरण बनोस् । बालेनको चुनावी अभियानले तराई, पहाड र हिमाल एक भएको सन्देश दिएको मैले बुझेको छु । मलाई बालेनप्रति विश्वास पनि छ । केही होला भन्ने आशा छ ।

# होर्मुज मार्ग सुरक्षाका लागि युद्धपोत पठाउन ट्रम्पको आह्वान



एएफपी

मनामा । मध्यपूर्वमा जारी युद्धका कारण विश्व ऊर्जा आपूर्तिमा गम्भीर असर देखिन थालेपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले होर्मुज जलडमरूमध्यको सुरक्षा सुनिश्चित गर्न अन्य राष्ट्रहरूलाई आफ्ना युद्धपोत पठाउन आग्रह गर्नुभएको छ । विश्व तेल आपूर्तिको ठूलो हिस्सा बग्ने यस सामरिक समुद्री मार्ग इरानबाट हुन सक्ने आक्रमणको जोखिमका कारण आइतबारसम्म पनि प्रभावकारी रूपमा अवरुद्धजस्तै बनेको छ ।

फेब्रुअरी २८ मा अमेरिका-इजरायल गठबन्धनले इरानविरुद्ध सैन्य अभियान सुरु गरेयता क्षेत्रमा तीव्र बमबारी जारी छ। यद्यपि वासिङ्टनले इरानको सैन्य क्षमता लगभग पूर्ण रूपमा ध्वस्त पारेको दाबी गरे पनि तेहरानले उक्त दाबी अस्वीकार गर्दै आफ्नो प्रतिकार क्षमता कायम रहेको बताइरहेको छ ।होर्मुज जलडमरूमध्यबाट सामान्य अवस्थामा विश्वको झन्डै पाँचौं भाग तेल आपूर्ति पार हुने गर्छ। तर इरानी आक्रमणको खतरा र ढुवानी अवरोधका कारण अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियमको मूल्य करिब ४० प्रतिशतसम्म बढेको छ, जसले विश्व अर्थतन्त्रमा समेत दबाब सिर्जना गरेको छ ।

शनिबार सामाजिक सञ्जालमार्फत ट्रम्पले इरानको सम्भावित अवरोधबाट प्रभावित राष्ट्रहरूले संयुक्त रूपमा समुद्री सुरक्षा बल तयार पार्नुपर्ने बताउनुभयो । उहाँले विशेष गरी चीन, फ्रान्स, जापान, दक्षिण कोरिया, बेलायतलगायत देशहरूलाई यस क्षेत्रमा युद्धपोत पठाएर जलडमरूमध्य खुला र सुरक्षित राख्न सहयोग गर्न आग्रह गर्नुभएको छ। त्यसै क्रममा अमेरिकी सेनाले तटीय क्षेत्रमा इरानी सैन्य गतिविधिलाई लक्षित गरी लगातार आक्रमण गरिरहेको उहाँले बताउनुभयो ।

अमेरिकी सेनाले शुक्रबार इरानको प्रमुख तेल निर्यात केन्द्र रहेको खर्ग टापुमा आक्रमण गरेको थियो। ट्रम्पका अनुसार उक्त कारबाहीमा ऊर्जा संरचनालाई जोगाउँदै इरानी सैन्य लक्ष्यहरू ध्वस्त पारिएको छ।

इरानले भने आफ्ना तेल संरचनामा थप आक्रमण भए अमेरिका सम्बन्धित तेल तथा ऊर्जा कम्पनीहरूलाई कडा प्रतिकार गरिने चेतावनी दिएको छ।

इरानको स्वास्थ्य मन्त्रालयका अनुसार अमेरिका र इजरायलका आक्रमणबाट हालसम्म एक हजार २०० भन्दा बढी मानिस मारिएका छन्, यद्यपि उक्त तथ्याङ्क स्वतन्त्र रूपमा पुष्टि हुन सकेको छैन। संयुक्त राष्ट्रसङ्घीय शरणार्थी निकायका अनुसार करिब ३२ लाख मानिस इरानभित्रै विस्थापित भएका छन्, जसमा धेरैजसो राजधानी तेहरान र अन्य सहरहरूबाट सुरक्षित स्थानतर्फ सरेका छन्।

पेन्टागनका अनुसार अमेरिकी र इजरायली सेनाले इरानभित्र १५ हजारभन्दा बढी सैन्य लक्ष्यमा प्रहार गरिसकेका छन्। यसैबीच अमेरिकी जल-स्थल आक्रमण जहाज युएसएस त्रिपोली र करिब दुई हजार ५०० समुद्री सैनिक क्षेत्रतर्फ पठाइएको अमेरिकी सञ्चारमाध्यमहरूले जनाएका छन्।

यसबीच इरानका विभिन्न प्रान्तमा नयाँ आक्रमणहरू जारी रहेको स्थानीय सञ्चारमाध्यमहरूले बताएका छन्। फार्स समाचार एजेन्सीका अनुसार इस्फहानको एक औद्योगिक स्थलमा भएको आक्रमणमा १५ जनाको मृत्यु भएको बताइएको छ, तर एएफपीले यसलाई स्वतन्त्र रूपमा पुष्टि गर्न सकेको छैन ।अमेरिकी सेनाले युद्धका क्रममा हालसम्म १३ सैनिक गुमाइसकेको जनाएको छ। तीमध्ये इराकमा दुर्घटनाग्रस्त इन्धन भर्ने विमानमा सवार छ जना सैनिक पनि छन्, जसको मृत्यु शत्रु आक्रमण नभई दुर्घटनाका कारण भएको अधिकारीहरूले बताएका छन्।

इरानमा युद्ध सुरु भएको पहिलो दिनमा सर्वोच्च नेता अली खामेनी मारिएपछि उहाँका छोरा मोजतबा खामेनीलाई नयाँ सर्वोच्च नेता घोषणा गरिएको थियो । यद्यपि उहाँ सार्वजनिक रूपमा देखिनुभएको छैन र घाइते भएको रिपोर्टहरू आएका छन्। इरानी अधिकारीहरूले भने नेतृत्वमा कुनै समस्या नरहेको बताएका छन् ।तेहरानले क्षेत्रभरि आफ्नो आक्रमण क्षमता देखाउँदै इजरायल र खाडी क्षेत्रतर्फ मिसाइल र ड्रोन प्रहार जारी राखेको छ । सप्ताहन्तमा जेरुसेलममा विस्फोटको आवाज सुनिएको एएफपीका पत्रकारहरूले बताएका छन्। संयुक्त अरब इमिरेट्स, कुवेत र साउदी अरेबियाले पनि आफ्ना वायु प्रतिरक्षा प्रणालीले मिसाइल वा ड्रोन अवरुद्ध गरेको जानकारी दिएका छन्।

यसै क्रममा संयुक्त अरब इमिरेट्सको प्रमुख तेल भण्डारण तथा निर्यात केन्द्र फुजैराह बन्दरगाह क्षेत्रबाट कालो धुवाँ उठेको देखिएको छ । इरानको सेनाले त्यहाँका नागरिकलाई बन्दरगाह क्षेत्रबाट टाढा रहन चेतावनी दिएको थियो ।इराकमा रहेको अमेरिकी दूतावासमा ड्रोन आक्रमण भएको सुरक्षा स्रोतहरूले बताएका छन् । युद्ध सुरु भएयता यस्तो दोस्रो आक्रमण भएको हो।

साथै इराकी कुर्दिस्तानस्थित एमिराती वाणिज्य दूतावास पनि एक साताभित्र दोस्रो पटक निशानामा परेको बताइएको छ । बगदादस्थित अमेरिकी अधिकारीहरूले आफ्ना नागरिकलाई तत्काल देश छाड्न आग्रह गरेका छन्।

कुवेतमा भएको ड्रोन आक्रमणले अन्तर्राष्ट्रिय विमानस्थलको राडार प्रणालीमा क्षति पुगेको भए पनि मानवीय क्षति नभएको नागरिक उड्डयन प्राधिकरणले जनाएको छ। कतारले दोहाका केही भाग खाली गराउँदै दुई मिसाइल अवरोध गरेको जनाएको छ, जहाँ विस्फोटको आवाज सुनिएको थियो ।इरानको रिभोलुसनरी गार्ड्सले साउदी अरेबियाको अल-खर्ज सैन्य आधारमा तैनाथ अमेरिकी सेनामाथि क्षेप्यास्त्र प्रहार गरेको दाबी गरेको छ । साउदी पक्षले आक्रमण पुष्टि नगरे पनि त्यहाँतर्फ गइरहेका केही ब्यालेस्टिक मिसाइल अवरुद्ध गरिएको जनाएको छ।

युद्धको प्रभाव खेलकुद क्षेत्रमा समेत परेको छ । मोटर खेलकुद प्रशासकीय निकायले अप्रिलमा हुने बहराइन र साउदी अरेबियाका प्रमुख अन्तर्राष्ट्रिय कार दौड प्रतियोगिता रद्द गरिएको जनाएको छ ।यसैबीच अस्ट्रेलियामा भ्रमणमा रहेको इरानी महिला फुटबल टोलीका केही सदस्यले देशमै शरण मागेका छन् । राष्ट्रगान गाउन अस्वीकार गरेपछि स्वदेश फर्केमा उनीहरूलाई 'देशद्रोही' ठहर गरिने डरका कारण उक्त कदम चालिएको बताइएको छ।

युद्ध क्षेत्र विस्तारिँदै जाँदा तेहरान समर्थित सशस्त्र समूह हिजबुल्लाहले इजरायलमाथि आक्रमण सुरु गरेपछि लेबनान पनि द्वन्द्वमा तानिएको छ । इजरायली हवाई तथा स्थल आक्रमणमा कम्तीमा ८२६ जनाको मृत्यु भएको लेबनानी अधिकारीहरूले बताएका छन् । इजरायलले दक्षिण लेबनानका सयौँ वर्गकिलोमिटर क्षेत्र खाली गर्न आदेश दिँदा लाखौँ मानिस विस्थापित भएका छन्।

हिजबुल्लाहले शनिबार राति दक्षिणी लेबनानको खियाम क्षेत्रमा इजरायली सेनासँग प्रत्यक्ष झडप भएको जनाएको छ, जसले क्षेत्रीय युद्ध थप फैलिने चिन्ता बढाएको छ।

# छोरीसँगै किमद्वारा रकेट प्रहार अभ्यास अवलोकन

एपी

सियोल। उत्तर कोरियाली नेता किम जोङ उनले आफ्नी किशोरी छोरीसँगै बहु-रकेट प्रक्षेपण प्रणालीको प्रत्यक्ष प्रहार अभ्यास अवलोकन गर्नुभएको छ। राज्य सञ्चारमाध्यमले आइतबार सार्वजनिक गरेको विवरणअनुसार उक्त परीक्षणलाई दक्षिण कोरिया र अमेरिकाबीच भइरहेको संयुक्त सैनिक अभ्यासप्रति उत्तर कोरियाको सम्भावित प्रतिक्रियाका रूपमा हेरिएको छ।

उत्तर कोरियाको सरकारी समाचार संस्थाले किमले शनिबार देशको पूर्वी समुद्री किनार क्षेत्रमा सञ्चालन गरिएको आक्रमण अभ्यास प्रत्यक्ष रूपमा अवलोकन गर्नुभएको जनाएको छ। उक्त अभ्यासमा ६०० मिलिमिटर क्षमताका अत्यन्त सटीक बहु-रकेट प्रक्षेपण यन्त्रका १२ वटा प्रक्षेपक प्रयोग गरिएको बताइएको छ।

यसअघि शनिबार दक्षिण कोरियाली सेनाले उत्तर कोरियाको राजधानी आसपासको क्षेत्रबाट पूर्वी समुद्रतर्फ करिब १० वटा ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार भएको पत्ता लगाएको जनाएको थियो। दक्षिण कोरियाको राष्ट्रिय सुरक्षा परिषद्ले यसलाई उत्तर कोरियामाथि ब्यालेस्टिक क्षेप्यास्त्र गतिविधिमा प्रतिबन्ध लगाउने संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्तावको उल्लङ्घन भएको उक्साहटपूर्ण कदम भनेको छ।

राज्य समाचार संस्थाले किमलाई उद्धृत गर्दै उक्त अभ्यासले ४२० किलोमिटरभित्र रहेका सम्भावित शत्रुहरूलाई 'असहज बनाउने' र उनीहरूलाई 'रणनीतिक आणविक हतियारको विनाशकारी शक्ति कति भयावह हुन सक्छ भन्ने गहिरो समझ दिने' बताउनुभएको जनाएको छ। यदि यस्तो हतियार प्रयोग गरियो भने प्रहार दायराभित्र रहेका विरोधी पक्षका सैन्य संरचनाहरू जोगिन नसक्ने उहाँको भनाइ उद्धृत गरिएको छ।



प्रकाशित तस्बिरहरूमा किम र उहाँकी छोरी विशाल ओलिभ रङका प्रक्षेपण ट्रकहरू नजिकै हिँडिरहेको र तीबाट हतियार प्रहार भइरहेको दृश्य देखिएको छ। ती किशोरीलाई किम जोङ उनकी छोरी किम जु ए भएको मानिन्छ र उनको उमेर करिब १३ वर्ष रहेको बताइन्छ। सन् २०२२ को अन्त्यदेखि उनले क्षेप्यास्त्र परीक्षण, सैनिक परेड र अन्य महत्त्वपूर्ण कार्यक्रमहरूमा आफ्ना बुबासँग सार्वजनिक रूपमा उपस्थिति जनाउँदै आएकी छन्। यसले उनलाई सम्भावित उत्तराधिकारीका रूपमा तयार पारिएको हुन सक्ने अड्कलहरूलाई बल दिएको विश्लेषकहरू बताउँछन्।

# अफगानिस्तानमा पाकिस्तानी हवाई आक्रमण



एएफपी

इस्लामाबाद । पाकिस्तानले आइतबार दक्षिणी अफगानिस्तानका केही सैन्य संरचना र आफूले 'आतङ्कवादी लुकेका स्थान' भनेका क्षेत्रहरूमा हवाई आक्रमण गरेको जनाएको छ। दुई देशबीच बढ्दो तनावको बीचमा पाकिस्तानले उक्त कारबाही गरेको हो।

सुरक्षा स्रोतका अनुसार अफगानिस्तानको कान्दाहारमा तालिबान प्रशासनका सर्वोच्च नेता हिबतुल्ला अखुन्दजादाकोघरनजिकैको प्राविधिक सहयोग र उपकरण भण्डारण स्थललाई पाकिस्तानी सेनाले लक्षित गरी नष्ट गरेको बताइएको छ। स्रोतहरूले उक्त स्थललाई सैन्य गतिविधिसँग सम्बन्धित पूर्वाधार भएको उल्लेख गरेका छन्।


पाकिस्तानी पक्षले अर्को आक्रमण कान्दाहारमा रहेको एउटा सुरुङमा केन्द्रित रहेको दाबी गरेको छ। उक्त सुरुङ अफगान तालिबान र पाकिस्तानविरुद्ध सक्रिय लडाकू समूहले प्रयोग गर्ने गरेको आरोप पाकिस्तानले लगाएको छ । कान्दाहारका स्थानीय बासिन्दाहरूले आक्रमणका क्रममा आकाशमा लडाकू विमान उडिरहेको देखिएको र राति विस्फोटको आवाज सुनेको बताएका छन् । एक स्थानीयले भने, "सैन्य विमानहरू पहाडमाथि उडे, त्यसपछि विस्फोट भयो र आगो बलिरहेको देखियो।"

कान्दाहारको दक्षिणपूर्वमा पर्ने स्पिन बोल्डक क्षेत्रमा पनि हवाई आक्रमणको आवाज सुनिएको बासिन्दाहरूले बताएका छन् । त्यस्तै पूर्वी सीमावर्ती प्रान्त खोस्तमा शनिबार राति झडप भएको अधिकारीहरूले बताए ।तालिबान सरकारका प्रवक्ता जबिहुल्लाह मुजाहिदका अनुसार उक्त आक्रमणले कान्दाहारस्थित लागुऔषध पुनर्स्थापना केन्द्र र खाली कन्टेनरहरूमा केही क्षति पुऱ्याएको छ। उहाँले भन्नुभयो, "पाकिस्तानले लक्षित गरेको स्थलहरू यी दुई ठाउँबाट धेरै टाढा छन् ।" यसअघि पाकिस्तानले अफगानिस्तानबाट गरिएको भनिएको मानवविहीन विमान आक्रमणलाई विफल पारेको दाबी गरेको थियो । उक्त आक्रमण शुक्रबार राति रोकिएको बताइएको छ । अधिकारीहरूका अनुसार राजधानी इस्लामाबाद नजिकै रावलपिन्डीमा रहेको पाकिस्तानी सैन्य मुख्यालयसहित कम्तीमा तीन स्थानलाई लक्षित गरी आक्रमण प्रयास गरिएको थियो ।पाकिस्तानका राष्ट्रपति आसिफ अली जर्दारीको कार्यालयले अफगान तालिबानले सर्वसाधारणलाई लक्षित गरेर 'रेड लाइन पार गरेको' आरोप लगाउँदै त्यसको कडा जवाफ दिने चेतावनी दिएको छ।

पाकिस्तानमा भएका आक्रमणपछि इस्लामवादी चरमपन्थी समूहहरूलाई लक्षित गर्दै गत महिनादेखि पाकिस्तानले अफगानिस्तानविरुद्ध सैन्य कारबाही सुरु गरेको हो। तर तालिबान सरकारले भने अफगान भूमिबाट कुनै आतङ्कवादी गतिविधि सञ्चालन भएको वा आफ्नो संलग्नता रहेको आरोप अस्वीकार गरेको छ। पाकिस्तानले भने आफ्नो कारबाही सर्वसाधारणलाई लक्षित नगरेको दाबी गरेको छ।

हालका हप्ताहरूमा सीमा क्षेत्रमा बारम्बार झडपहरू भइरहेका छन् । यसले व्यापारमा अवरोध सिर्जना गरेको छ र नजिकका बासिन्दाहरूलाई आफ्नो घर छोड्न बाध्य बनाएको छ।

# सामाजिक सञ्जालमा युद्धसम्बन्धी एआई नक्कली सामग्री फैलिँदै



एएफपी

वासिङ्टन । इरान-अमेरिका युद्धका बारेमा सामाजिक सञ्जाल विशेषगरी एक्समा कृत्रिम बौद्धिकता (एआई) बाट बनाइएका नक्कली तस्बिर र भिडियोहरू तीव्र रूपमा फैलिरहेका छन् । गलत सूचना रोक्न एक्स प्लेटफर्मले कडा नीति घोषणा गरे पनि युद्धसम्बन्धी भ्रामक सामग्रीको प्रसार भने रोकिएको छैन।

अनुसन्धानकर्ताहरूका अनुसार मध्यपूर्व युद्ध सुरु भएपछि एआईले बनाइएका दृश्य सामग्रीहरूको बाढी आएको छ । यसले अघिल्ला द्वन्द्वका समयमा देखिएका सामग्रीहरूभन्दा धेरै ठूलो परिमाणमा सामाजिक सञ्जालमा फैलिएको छ, जसका कारण प्रयोगकर्ताहरूलाई वास्तविक र बनावटी सामग्री छुट्याउन कठिन भएको छ।

युद्धका क्रममा 'प्रामाणिक सूचना' जोगाउने प्रयासस्वरूप उक्त एक्सले गत साता नयाँ नीति घोषणा गरेको थियो। त्यसअनुसार एआईबाट बनाइएको युद्धसम्बन्धी भिडियो वा तस्बिर पोस्ट गर्दा त्यसलाई स्पष्ट रूपमा उल्लेख नगरेमा सामग्री सिर्जनाकर्तालाई प्लेटफर्मको आम्दानी साझेदारी कार्यक्रमबाट ९० दिनका लागि निलम्बन गरिने बताइएको छ। बारम्बार नियम उल्लङ्घन गरे स्थायी रूपमा प्रतिबन्ध लगाइने चेतावनी पनि दिइएको छ।

यो नीति लागू गरिए पनि गलत सूचना रोक्न पर्याप्त भएको छैन भन्ने चिन्ता अनुसन्धानकर्ताहरूले व्यक्त गरेका छन् । रणनीतिक संवादसम्बन्धी एक अनुसन्धान संस्थाका अनुसन्धानकर्ता जो बोडनारका अनुसार उहाँले निगरानी गर्ने सामाजिक सञ्जाल सामग्रीहरू अझै पनि युद्धसम्बन्धी कृत्रिम बुद्धिमत्ताबाट बनाइएका तस्बिर र भिडियोहरूले भरिएका छन्।

उहाँका अनुसार केही प्रिमियम खाताहरूबाट समेत भ्रामक सामग्री फैलिएको देखिएको छ । यस्ता खातामध्ये एकले इजरायलमाथि इरानले कथित रूपमा 'आणविक क्षमतायुक्त' आक्रमण गरेको दृश्य देखाउने कृत्रिम भिडियो साझा गरेको थियो । उक्त सामग्रीले प्लेटफर्मको नीति घोषणासम्बन्धी सन्देशभन्दा पनि धेरै पटक हेरिएको थियो।

एएफपीको विश्वव्यापी तथ्य-जाँच सञ्जालले ब्राजिलदेखि भारतसम्म विभिन्न देशहरूमा फैलिएका युद्धसम्बन्धी कृत्रिम नक्कली सामग्रीहरू पहिचान गरेको छ।

ती सामग्रीमध्ये केही भिडियोहरूले बम विस्फोट भएको दूतावासभित्र रोइरहेका अमेरिकी सैनिक, इरानी झण्डाको छेउमा घुँडा टेकाइएका अमेरिकी सेना वा अमेरिकी नौसैनिक जहाजहरू नष्ट भएको दृश्य देखाउँछन्। तर ती सबै दृश्य कृत्रिम रूपमा तयार पारिएका हुन्।

यस्ता सामग्रीहरू वास्तविक तस्बिर र भिडियोसँग मिसिएर फैलिँदा तथ्य-जाँचकर्ताहरूलाई पनि छिटो पहिचान गर्न कठिन भएको बताइएको छ। साथै उक्त सामाजिक सञ्जालको आफ्नै एआई संवाद प्रणालीले समेत कहिलेकाहीँ प्रयोगकर्ताहरूलाई भ्रामक जानकारी दिएको देखिएको छ।

अनुसन्धानकर्ताहरूका अनुसार सामाजिक सञ्जालको आम्दानी प्रणालीले पनि यस्तो सामग्री फैलिन प्रोत्साहन दिएको छ । प्रिमियम खाताले दर्शक र सहभागिताका आधारमा आम्दानी पाउने भएकाले सनसनीपूर्ण वा गलत सामग्री पोस्ट गर्दा आर्थिक लाभ हुने सम्भावना बढेको छ।

उदाहरणका रूपमा एउटा प्रिमियम खाताले दुबईको बुर्ज खलिफा गगनचुम्बी भवनसँग सम्बन्धित कृत्रिम भिडियो पोस्ट गरेको थियो । उक्त सामग्रीलाई कृत्रिम रूपमा बनाइएको भनेर उल्लेख नगरी पोस्ट गरिएको भए पनि हटाइएको थिएन र त्यो करिब २० लाख पटक हेरिएको थियो।

यसअघि प्रकाशित एक प्रतिवेदनले उक्त सामाजिक सञ्जाल कम्पनीले इरान सरकारसँग सम्बन्धित केही खाताबाट प्रचार सामग्री फैलिँदा आर्थिक लाभ कमाएको देखिएको दाबी गरेको थियो। त्यसपछि कम्पनीले त्यस्ता केही खाताबाट प्रमाणीकरण चिह्न हटाएको बताइएको छ।

विशेषज्ञहरूका अनुसार कम्पनीले घोषणा गरेको नीति सैद्धान्तिक रूपमा गलत सूचना रोक्ने प्रयास भए पनि यसको प्रभाव कार्यान्वयनमा निर्भर रहनेछ । अनुसन्धानकर्ताहरूले कृत्रिम सामग्रीमा रहने डिजिटल विवरण सजिलै हटाउन सकिने भएकाले पहिचान गर्न कठिन हुने चेतावनी दिएका छन् । साथै सामुदायिक तथ्य-जाँच प्रणाली पनि सीमित रूपमा मात्र प्रभावकारी भएको उनीहरूको भनाइ छ।

गत वर्ष गरिएको एक अध्ययनले सामाजिक सञ्जालमा लेखिएका सामुदायिक टिप्पणीहरूमध्ये ९० प्रतिशतभन्दा बढी कहिल्यै प्रकाशित नहुने देखाएको थियो। त्यसैले युद्धजस्ता संवेदनशील परिस्थितिमा फैलिने कृत्रिम नक्कली सामग्री रोक्न अझ प्रभावकारी उपाय आवश्यक पर्ने विज्ञहरूले बताएका छन्।


गढीमाई साझेदारी वन उपभोक्ता समुह
कार्यान्वयन ईकाईको कार्यालय
जि.सि.उ.मा.न.पा.-१ पथलैया, बारा

सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

सुचना प्रकाशित मितीः-२०८२/१२/०२ गते

डिभिजन वन कार्यालय, बारा अन्तर्गतको गढीमाई साझेदारी वन उपभोक्ता समुह जितपुरसिमरा उ.म.न.पा.-०१, पथलैया, बाराको वन क्षेत्रमा रहेको विभिन्न प्रजातीको १११ वटा ढलापडा रुखहरु कटान, मुछान, यार्डिङ, बोक्रा झिक्ने, रिङ्ग काट्ने, तोकिएको घाटगद्दी सम्म ढुवानी गर्ने, पाईलिङ्ग गर्ने र दाउरा चट्टा निर्माण गर्ने कार्यहरु गर्नको लागी प्रचलित सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली अनुसार सम्बन्धित दरभाउपत्रदाता/सेवा प्रदायकहरुको लागी सिलबन्दी दरभाउपत्र (Sealed Quotation) आह्वान गर्दछ। थप विवरण तपशिल अनुसार रहेको छ।

| काठ दाउराको मुल्यांकित परिमाण | अनुमानित लागत (मु.अ.कर सहित) | सिलबन्दी दरभाउपत्र कागजातको शुल्क | सिलबन्दी दरभाउपत्र कागजात खरिद गरिसक्ने मिती | सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्ने मिती र समय | सिलबन्दी दरभाउपत्र खोल्ने मिती र समय | सिलबन्दी दरभाउपत्र जमानत रकम | सिलबन्दी दरभाउपत्र जमानतको मान्य हुने अबधी |
|---|---|---|---|---|---|---|---|
| काठः-९७८४.२९ क्यु.फिट र दाउराः-१२.२५ चट्टा (छपान चेकजाँच तथा कटान पश्चात फरक पर्न सक्ने) | १९४३३२.०८।- | रु.१०००।- | १७ चैत्र २०८२, कार्यालय समय भित्र (डिभिजन वन कार्यालय, बारा र गढीमाई साझेदारी वन उपभोक्ता समुह, पथलैया,बारा | १८ चैत्र २०८२, अपरान्ह १:०० बजे (गढीमाई साझेदारी वन उपभोक्ता समुह, पथलैया,बारा) | १८ चैत्र २०८२, अपरान्ह १:३० बजे (गढीमाई साझेदारी वन उपभोक्ता समुह, पथलैया,बारा) | न्युनतम रु.५५०००।- | सिलबन्दी दरभाउपत्र खोलिएको दिनदेखी गणना हुने गरी न्युनतम ७५ दिनसम्मको हुनुपर्नेछ। |

यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस गढीमाई साझेदारी वन उपभोक्ता समूह जितपुरसिमरा उ.म.न.पा.-०१,पथलैया, बाराको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सुचना यस साझेदारी वन उपभोक्ता समुहको कार्यालयको सुचनापाटीमा टाँस गरिएको छ।

# किसानलाई सिँचाइको समस्या



इनरुवा । सुनसरीका विभिन्न स्थानमा मकै र गहुँखेती गर्दै आएका किसानलाई सिँचाइको समस्या भएको छ । सदरमुकाम इनरुवासहित भोक्राहा, हरिनगर, भोक्राहालगायत स्थानी तहमा मकै तथा गहुँखेती गर्दै आएका किसानलाई सिँचाइको समस्या भएको हो ।

सप्तकोसी नदीको सतह मुनि गएको र नहरमा पनि पानी नआएका कारण मकै तथा गहुँखेती गरेका किसानलाई सिँचाइको समस्या भएको इनरुवा-६ का देवनारायण यादवले बताउनुभयो । कतिपय बेलामा नहरमा पर्याप्त मात्रामा पानी हुने गरेको भए पनि सिँचाइ गर्नुपर्ने बेला पानी नहुँदा रु तीन लाख ५० हजारको लागतमा सात बिघामा मकैखेतीमा सिँचाइ गर्न समस्या भएको उहाँले गुनासो गर्नुभयो ।

मकैखेती गरेको भए पनि अहिले सिँचाइ अभावका कारण मकैको बोट नै सुक्ने अवस्थामा पुगेको स्थानीय किसानको भनाइ छ । नहरको पानीका भरोसामा मकै तथा गहुँ बाली लगाएको भए पनि नहरमा पानी पर्याप्त मात्रामा नआउने गरेकाले समस्या भएको किसान माधव भण्डारीले बताउनुभयो ।

शङ्करपुर शाखा नहरमा सिँचाइका लागि पानीको माग गर्दै आएको भए पनि पालो सिष्टममा पानी आउने गरेका कारण पर्याप्त मात्रामा बालीमा सिँचाइ गर्न नपाउने गरेको पीडित किसानको गुनासो छ । हजारौँ हेक्टरमा लगाएको मकै, गहुँ र तरकारी बाली सिँचाइ अभावमा सुक्न लागेकाले शङ्करपुर शाखा नहरमा पर्याप्त पानीको मागसमेत किसानले गरेका छन् ।रासस

# धार्मिक महत्वको लुङबुक गुफा

मुस्ताङ । यहाँस्थित वारागुङ मुक्तिक्षेत्र-५ फल्याक र धाकार्जुङ गाउँमाथिको उच्च लेकमा एक विशाल चट्टानरुपी पहाड छ । त्यही पहाडको तल्लो भागमा एक गुफा छ । यही गुफाको नाम हो- लुङबुक गुफा ।

अहिले यस गुफाको करिब ७० प्रतिशत भाग पूरै हिउँले ढाकिएको छ । बर्खायाममा सामान्य देखिने लुङबुक गुफाको स्वरुप हिउँदयाममा पूरै स्वरुप परिवर्तन हुन्छ । अक्सर यो लुङबुक गुफा बर्सेनि मङ्सिरदेखि चैत महिनासम्म हिउँको घुम्टोभित्र लुकेको हुन्छ । अझै भनौ पुस र माघमा गुफा अवलोकन गर्न जाने हो भने लुङबुक गुफाको सबै भागलाई हिउँले ढाकिदिएको हुन्छ ।

ऐतिहासिक तथा धार्मिक सम्पदाले भरिएको लुङबुक गुफालाई पुस र माघमा विशाल पहाडको उचाइबाट फेदैसम्म सेताम्मे हिउँको बरफका ढिस्का ढिस्काले छपक्कै ढाकिएको हुन्छ । तर, जाडोयाममा यहाँ खासै कोही नजाने हुनाले गुफाको वास्तविक स्वरुप र हिउँदयामको मौसममा गुफाको प्राकृतिक सौन्दर्यताबाट धेरैजसो पर्यटक बेखबरजस्तै हुने गर्छन् ।

लुङबुक गुफा पन्ध्रौँ शताब्दीमा गुरु रिन्पोछे अर्थात् पद्मसम्भवले ध्यान साधना गरेको धार्मिकस्थलका रूपमा लिने गरिन्छ । गुरु पद्मसम्भव त्यसबेला तिब्बत जाने क्रममा यहाँ अवस्थित लुङबुक



गुफामा बसेर ध्यान साधना गरेको भन्ने धार्मिक किंवदन्ती रहेको वारागुङ मुक्तिक्षेत्र-५ का वडाध्यक्ष सुरेन्द्र गुरुङले जानकारी दिनुभयो । उहाँले पद्मसम्भवले ध्यान साधना गरेको स्थान लुङबुक गुफालाई यहाँको फल्याक र धाकार्जुङ गाउँका स्थानीयले साझा धार्मिकस्थलका रूपमा लिने गरेको बताउनुभयो ।

हिउँदयाममा पूरै हिउँको घुम्टोभित्र लुक्ने लुङबुक अवलोकनका लागि पछिल्लो समय पर्यटक त्यहाँ पुग्ने गरेको पाइएको छ । बर्खायामभन्दा हिउँदयाममा हिउँले ढाकिएको गुफाको सौन्दर्य नियाल्न पर्यटक त्यहाँ पुग्ने गरेका पाइएको छ । लुङबुक गुफाको दर्शन गर्ने र हिउँले ढाकिएको गुफाको प्रोफाइल राख्न फोटो खिच्ने उद्देश्यले पनि हिउँदयाममा पर्यटक केही बढी जाने गरेको वडाध्यक्ष गुरुङको भनाइ छ । हिउँदयाममा हिउँले ढाकिने लुङबुक गुफा गर्मीयाममा विस्तारै पग्लिएर सामान्य स्वरुपमा रहने वडाध्यक्ष गुरुङको भनाइ छ । लुङबुक गुफाभित्र सानो चट्टान प्वालबाट मुन्टो निहुराएर मुस्किलले प्रवेश गर्न सकिन्छ । हिउँदयाममा हिउँ जमेर बस्ने भएकाले गुफाभित्र पस्न सकिँदैन । हिउँको बरफ पग्लिने समय चैत-वैशाखदेखि कात्तिकसम्म गुफा प्रवेश गर्न सकिन्छ ।

स्याङ्जाका पर्यटक नारायण पौडेलले लुङबुक गुफाको दर्शन र हिउँले ढाकिएको गुफाको प्राकृतिक सौन्दयैताले मोहित तुल्याएको बताउनुभयो । बुद्ध धर्म र पद्मसम्भवसँग जोडिएको हुनाले गुफाको धार्मिक महत्व अधिक रहेको र यसको प्रचारप्रसार गर्नसके पर्यटन प्रवर्द्धनमा थप योगदान पुग्ने बताउनुभयो । लुङबुक गुफालाई बुद्ध धर्मअन्तर्गत निङमापा धर्म सम्प्रदायसँग जोडिएको बताइन्छ । गुफामा पुगेर धार्मिक अनुष्ठान गरेमा मोक्ष प्राप्ति हुने भएकाले स्थानीय नागरिकमा ठूलो आस्था र विश्वास छ । गुफाभित्र आश्चार्यचकित लाग्ने प्राकृतिक रूपले निर्मित धार्मिक सम्पदा जीवन्त छ । गुफाभित्र पद्मसम्भवका ससाना प्रतिमा देख्न सकिन्छ । सन्तान नभएकाले सन्तान प्राप्तिका लागि गुफाभित्र दर्शन गरेमा सन्तान प्राप्ति हुने धार्मिक जनविश्वास छ ।

जोमसोमका स्थानीय पवन गुरुङले लुङबुक गुफा एकपटक दर्शन गर्नैपर्ने धार्मिक गन्तव्य रहेको बताउनुभयो । सेताम्मे हिउँले ढाकिएको गुफामा पुग्दा गौरवान्वित महसुस भएको गुरुङले उल्लेख गर्नुभयो । जोमसोम-कोरला मुख्य राजमार्गदेखि २० मिनेटको सवारीसाधनको यात्रा र ४५ मिनेटको पैदलयात्रापछि लुङबुक गुफा पुग्न सकिन्छ । गुफाको रेखदेख तथा संरक्षणका साथै गुफामा पुग्ने भक्तजनलाई पकाएर खाने र बस्नेसमेत व्यवस्था फल्याक र धाकार्जुङका गाउँ समाजले गरेको छ । गुफासम्म पुग्ने गोरेटो बाटो प्रधानमन्त्री स्वरोजगार कार्यक्रमअन्तर्गत वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाले निर्माण गरेको छ ।रासस

# कोकाकोलाको 'मोमो फोमो' अभियान सुरू

टुडे समाचारदाता

काठमाण्डु । कोकाकोलाले नेपालमा 'मोमो फोमो' नामक नयाँ अभियान सुरु गरेको छ । कोकाकोलाको यो अभियान नेपालभरि चल्ने पहिलो कार्यक्रम हो । जसले नेपालीहरुको मनपर्ने परिकार मोमोप्रतिको स्नेहलाई उत्सवका रुपमा मनाउन लागेको हो । मोमो यस्तो परिकार हो जसले सडक, घर र सहरका मानिसहरूलाई एकअर्कासँग नजिक हुन मद्दत गर्छ ।




यस अभियानको मुख्य आकर्षण एउटा नयाँ डिजिटल कार्यक्रम हो । जसले देशभर घुम्दै नेपालका सबैभन्दा लोकप्रिय मोमो पाइने स्थानहरू खोज्नेछ । सहरका चर्चित रेस्टुरेन्टदेखि लिएर टोल-छिमेकमा लुकेका तर उत्कृष्ट मोमो पसलहरूसम्म पुग्ने, नेपालमा मोमोको समृद्ध संस्कृतिलाई चिनाउने र ती स्थानका विशेष स्वादहरू चाख्ने अवसर दिने तथा पसल सञ्चालन गर्ने उत्साही व्यवसायीहरूसँग भेट्न र हरेक स्थानलाई विशेष बनाउने लगायतका अनौठा कथाहरू पनि प्रस्तुत गरिनेछ ।

नेपालमा मोमो र कोकाकोला लामो समयदेखि धेरैले मन पराउने खानाको जोडी बनेको छ । साथीहरूसँग छिटो खाजाका रूपमा, परिवारसँग घुम्न जाँदा वा राति अबेर खाना खान जाँदा मोमो र कोकाकोला धेरैका लागि प्रिय छनोट हो । यस अभियानले यही दैनिक अनुभवलाई उत्सवको रूपमा प्रस्तुत गर्दै कोकाकोलाको चिसो स्वादले मोमो खाने क्षण अझ रमाइलो बनाउने कुरा देखाउन खोजेको छ ।

यस अभियानअन्तर्गत देशभरका उपभोक्ताहरूले पनि सहभागी हुने अवसर पाउनेछन् । अभियानका लागि बनाइएको विशेष माइक्रोसाइटमार्फत मानिसहरूले आफ्नो मनपर्ने मोमो पसल खोज्न, मूल्याङ्कन गर्न र आफ्ना मोमो खाँदाका अनुभवहरू व्यक्त गर्न सक्नेछन् । सहभागीहरूले फोटो वा अनुभव अपलोड गर्न, रेस्टुरेन्टलाई रेटिङ गर्न र विभिन्न गतिविधिमा सहभागी हुन सक्नेछन्, जसबाट दैनिक, साप्ताहिक तथा विशेष पुरस्कार जित्ने मौका पनि हुनेछ ।

यो अभियानमा नेपालभरका २०० भन्दा बढी मोमो पसल सहभागी छन् । 'मोमो फोमो' ले नेपालको सबैभन्दा प्रिय खानामध्ये एक मोमोको विषयमा राष्ट्रिय स्तरमा उत्साह सिर्जना गर्दै स्थानीय खानाका नयाँ स्वादहरू खोज्न, यसका नायकहरूलाई सम्मान गर्न र मोमो तथा कोकाकोलाको लोकप्रिय संयोजनको आनन्द लिन सबैलाई प्रेरित गर्ने लक्ष्य राखेको छ ।यस अभियानमार्फत कोकाकोलाले स्थानीय संस्कृतिको सम्मान गर्दै साझा खानाको अनुभवमार्फत मानिसहरूलाई एकअर्कासँग जोड्ने आफ्नो प्रतिबद्धता पुनः दोहोर्याएको छ ।

# ग्लोबल आइएमई बैंकद्वारा वित्तीय साक्षरता कार्यक्रम आयोजना गर्ने

टुडे समाचारदाता

काठमाण्डु । ग्लोबल आइएमई बैंक लिमिटेडले ग्लोबल मनि विक २०२६ को अवसरमा विद्यार्थी तथा युवा लक्षित वित्तीय साक्षरताका कार्यक्रमहरु आयोजना गर्न लागेको छ ।

बैंकले ग्लोबल मनि विक २०२६ को अवसर पारेर मुलुकका सातवटै प्रदेशमा सप्ताहव्यापी रुपमा विद्यार्थी तथा युवा लक्षित वित्तीय तथा डिजिटल साक्षरताका कार्यक्रमहरु आयोजना गर्न लागेको हो ।

बैंकले ग्लोबल मनि विक २०२६को मुख्य नारा "स्मार्ट मनि टक्स"लाई आत्मसाथ गरी यहि मार्च १६ देखी मार्च २२, २०२६ सम्म बैंककाविभिन्न शाखा कार्यालयहरुबाट वित्तीय साक्षरताको कार्यक्रम संचालन गर्नेछ ।

यसका साथै, बैंकले वित्तीय साक्षरतासम्बन्धी विभिन्न सामाग्रीहरु उत्पादन तथा प्रकाशन




गरी आफ्नो आधिकारिक सामाजीक सञ्जालहरुमार्फत् पनि प्रशारण गर्नेछ ।

वित्तीय साक्षरता अभिवृद्धिका लागि बैंकले हरेक वर्ष आफ्ना शाखा कार्यालयहरुमार्फत् विभिन्न कार्यक्रमहरु संचालन गर्दै आईरहेको छ । यस आर्थिक वर्षमा हालसम्म बैंकको ७० भन्दा बढि शाखा कार्यालयहरुलेवित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरीसकेका छन् ।

कार्यक्रममा बचत, कर्जा, रेमिट्यान्स, डिजिटल बैंकिङ्ग, बीमा, लगानी, अतिरिक्त बैंकिङ्ग सेवाहरु, वित्तीय ठगी र वित्तीय अनुशासनसम्बन्धी विषयवस्तुमा जानकारी गराइएको छ ।

ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रुपमा सम्मानित बैंक हो । साथै, ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर ष्ट्रिय संघ-संस्थाहरुबाट फरकफरक विधामा सम्मानित भएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५२ शाखा कार्यालय, ३७९ एटिएम, १४७ शाखा रहित बैंङ्किसेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,००० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिँदै आएको छ । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अस्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ ।

# सिटिजन्स बैंकको वार्षिकोत्सवको अवसरमा क्रिकेट प्रतियोगीता

टुडे समाचारदाता

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको १९औं वार्षिकोत्सवको अवसरमा आयोजित नवौं सिटिजन्स इन्ट्रा बैंक इन्डोर क्रिकेट प्रतियोगिता २०२६ सम्पन्न भएको छ ।

फागुनको २९ गते शुक्रबार देखि फागुन ३० गते शनिबार (दुइ दिन) सम्म काठमाण्डुमा सम्पन्न उक्त प्रतियोगीता सफलरुपमा सम्पन्न भएको छ । उक्त इन्डोर क्रिकेट प्रतियोगितामा व्यवस्थापन समूह अन्तरगत ८ टिम गरि विभिन्न बैंककै ८४ जना विभाग तथा शाखाहरुका कर्मचारीहरुको सक्रिय सहभागीता रहेको थियो । उक्त कार्यक्रममा सम्बोधन गर्दै प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले यस्तो कार्यक्रमहरूले संस्थाको संस्थागत संस्कारलाई मजबुत बनाउने मात्र नभई सुशासन र प्रणालीगत अनुशासनप्रति संस्थाको प्रतिबद्धता समेत झल्काउछ र साथै, संस्थाभित्र अनुशासन, आपसी सहकार्य तथा स्वस्थ जीवनशैलीलाई प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । साथै उक्त प्रतिोगिताको विजेताहरुलाई पुरस्कार वितरण कार्यक्रम प्रमुख कार्यकारी अधिकृतले गर्नुभएको छ ।बैंकले आगामी दिनहरूमा पनि यस्ता कार्यक्रमहरू मार्फत कर्मचारीहरूबीच आपसी सहकार्य, सकारात्मक ऊर्जा तथा संस्थागत एकतालाई अझ सुदृढ बनाउने



विश्वास लिएको छ ।

"विश्वकै प्रतिष्ठित अवार्ड बैंक अफ द ईयर २०२४ र २०२५ को उपाधि प्राप्तगर्न सफल भएको बैंकले यस अघि नै फोन पेसँगको सहकार्यमा नेपालमै पहिलो पटक "सिटिजन्स फोनपे क्रेडिट कार्ड" भर्चुअल क्रेडिट कार्ड सञ्चालनमा ल्याएको छ । हालसालै बैंकले नव युवा लक्षित बचत खाता"सिटिजन्स जेन-जी सेभिङ्ग अकाउन्ट"र "सिटिजन्स डिजी बैंक सेवा"नामक एकीकृत अनलाइन प्लेटफर्म सञ्चालनमा ल्याएको छ । फ्रिलान्सरहरूलाई लक्षित गरी विशेष "फ्रिलान्सर सेविङ्ज अकाउन्ट"नामक नयाँ बचत खाता सुरु गरेको छ साथै नेपालमै पहिलो पटक मोबाइल बैंकिङ एपमार्फत नै शेयर आवेदन र सी.आर.एन् नम्बर सेवालिन सकिने सुबिधा लगायत क्रस बैंक टेलर सुविधा जसमा अन्य बैंकका ग्राहकले सिटिजन्स बैंकको शाखाबाट टेलर क्यू आर स्क्यान गरी नगद प्राप्त गर्न सकिने समेत ल्याएको छ । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी ६१ जिल्लामा फैलिएका आफ्ना २०० वटा शाखा, १६९ वटा ए.टि.एम., ३ विस्तारित काउन्टर र ४२ वटा शाखारहित बैंकिङ्ग ईकाइहरुबाट १९ लाख ९७हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ।


## भूमि सुधार तथा चालान कार्यालय, सर्लाही, मलंगवा

### ३५ दिने सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा जि. रौतहट साबिक गा.वि.स.मत्सरी वडा नं. ६ हाल दुर्गाभगवती गा.पा./ न.पा. वडा नं ३ मा बस्ने नागेन्द्र झाको छोरा नन्द किशोर झाको नाउंमा दर्ता कायम रहेको जि.स.गा.वि.स खैर्वा मोग्लाहा बडा नं. ९ कि.नं. ६४७ को ज.वि. ०-२-१२ जग्गाको मोही महलमा रहेको मुखलालको नामका भगुवा/मरुवा/मोही लगत कट्टा गरी पाउ भन्ने निवेदनमा मिति २०८२/०८/०७ को आदेश बमोजिम यो सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले वाटोको म्याद बाहेक ३५ दिन भित्र वा ऐन वमोजिमको वारेस पठाउनु होला। नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मोही लगत कट्टा तर्फ कार्यवाही भै जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

## भूमि सुधार तथा मालपोत कार्यालय, गौर, रौतहट

### मोहियानी हकदावी सम्बन्धी ३५ दिने सूचना

तपसिलको जग्गाको मोही कुजा सहनी मलाहीको मृत्यु भइसकेकोले मोही नामसारी गरी पाउँ भनी हकदार बुहारी नताको तर्फबाट निवेदन पर्न आएकोले कार्यवाही क्रममा ३५ पैतिस दिने सूचना जारी गरिएको छ। तपसिलका मोही वा हकवाला कोही भई मोही नामासारी हुन नपर्ने भए सो सूचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण साथ लिखित हकदावी गर्न आउनु होला वा रीतपुर्वक वारेर कानून व्यवसायी पठाउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ ।

तपसिल

| ज.ध.को नाम | जिल्ला | गा.वि.स. | वडा नं. | किता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| वशिष्ठ नारायण मिश्रा | रौ. | वरियारपुर | ३ | १४७ | ०-५-५ |

## भूमि सुधार तथा मालपोत कार्यालय, गौर, रौतहट

### मोहियानी हकदावी सम्बन्धी ३५ दिने सूचना

तपसिलको जग्गाको मोही तिलक सहनीको मृत्यु भइसकेकोले मोही नामसारी गरी पाउँ भनि हकदार पत्नी नाताको तर्फबाट निवेदन पर्न आएकोले कार्यवाही क्रममा ३५ पैतिस दिने सूचना जारी गरिएको छ । तपसिलका मोही वा हकवाला कोही भई मोही नामसारी हुनु नपर्ने भए सो सूचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण साथ लिखित हकदावी गर्न आउनु होला वा रीतपूर्वक वारेस कानून व्यवसायी पठाउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ ।

तपसिल

| ज.ध.को नाम | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| इन्द्रकुमारी देवी | रौ. | वरियारपुर | ६ख | ६९ | ०-१८-१० |



## Invitation for Bids

### Laxminiya Rural Municipality
### Office of Rural Municipal Executive
### Laxminiya Bazar, Dhanusha

Date of Publication: 15/03/2026

1. Laxminiya Rural Municipality,Office of Rural Municipal Executive, Laxminiya Bazar, Dhanusha invites following electronic bid from eligible Nepalese bidders under Sealed Quotation.

| S. N. | Contract ID No. and Description | Total Cost (Without VAT & contingencies) | Bid Document Price (Non Refundable) | Last Date and Time of Bids Document Submission | Bid Opening Date | Bid Validity Period | Bid Security | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | Amount Nrs. | Validity Period | |
| 1 | LAX/WORKS/05-2082-83 kumarkant jhako ghar dekhi shree hanuman mandir hudai bhola mishrako ghar najik pul samma sadak starunnati | 1,386,900.43 | Nrs.1000 | 30th Mar 2026 (Within 12:00 hrs) | 30th Mar 2026 Within 13:00 hrs | 45 days From last date of bid submission | Rs 40000.00 | 75 days From last date of bid submission | |

2. Eligible bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp

Chief Administrative Officer

# भारतीय रुपैयाको अवैध कारोबार



**टुडे समाचारदाता**

राजविराज । भारतीय रकम साट्ने वैधानिक काउन्टर नहुँदा सप्तरीमा रुपैया साटासाटको अवैध कारोबार बढेको छ । भारतीय रकमलाई नेपाली र नेपाली रकमलाई भारतीय रकम (भारु) साट्दा रकमको अवैध कारोबार बढेको हो ।

भारु पाउन सयकडाको तीनदेखि पाँच रुपियाँसम्म अतिरिक्त रकम तिनु पर्ने आम नागरिकको बाध्यता छ । एक दशक यतादेखि राष्ट्रिय बाणिज्य बैंक राजविराजले भारतीय रुपियाँको सटही काउन्टर बन्द गरेदेखि जिल्लामा नेपाली र भारतीय रुपियाँको अवैध कारोबार भइरहेको व्यापारीहरु बताउँछन् ।

एक व्यवासयीले भने "स्थानीय कारोबारीहरुसँग अवैध रुपमा नेपालीबाट भारु रुपियाँ साट्दा सयकडामा अतिरिक्त तीनदेखि पाँच रुपियाँसम्म दिनुपर्छ", उहाँले भन्नुभयो, "सीमावर्ती भारतीय बजारमा पनि नेपाली रकम चल्छ तर त्यहाँ पनि तीनदेखि पाँच रुपियाँसम्म अतिरिक्त रकम तिर्नुपर्छ।"

भारतमा पढाइ, लेखाइ, स्वास्थ्य उपचार, तथा साधारण किनमेलका लागि भारु चाहिने भएकोले भारु रकम साट्न आउने जोसुकैसँग तीन-पाँच रुपियाँ बढी कमिशन लिएर व्यापारीहरुले साट्ने गरेको राजविराजका अर्का व्यापारी मो. असिफले जानकारी दिए ।

२०७३ सालताका नै राजविराजस्थित राष्ट्रिय बाणिज्य बैंकले भारु सटही काउन्टर बन्द गरेपछि यहाँ सर्वसाधारण थप आर्थिक मारमा परेको कपडा व्यवसायी संघका अध्यक्ष थानसिंह भन्सालीले बताउनुभयो । त्यतिबेला बैंकले प्रति व्यक्तिलाई नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपिको आधारमा तेरह सय भारु साट्दै आएको थियो । विशेष कारण खुलाइएको अवस्थामा पाँच हजारसम्म भारु रकम बैंकले साट्ने गरेको उनले बैंकको सटही काउन्टर बन्द भएयतादेखि नेपाली रुपियाँको अवमुल्यन हुँदै आएको बताए ।

सीमावर्ती भारतीय बजार विरपुर, कुनौली, लौकही, अन्ध्रामठ लगायतको बजारमा भारुको अबैद्य सटही गर्ने दर्जनौ व्यापारीहरु सक्रिय छन् । यस्तै जिल्लाका राजविराज, भारदह, हनुमाननगर, बोदेबसाइन बजारमा पनि अवैध रुपमा भारु साट्ने व्यापारीहरुको संख्या धेरै छन् ।

# रेलवेमा बेथिति : अवकाश कर्मचारीले पाएनन् उपदान सेवा

रेलवेमा विभिन्न तहमा कार्यरत रहेका ८ जना कर्मचारीले दुई वर्षअघि नै अवकाश पाए पनि उनीहरुले अवकाशपछि पाउने उपदान, संचित बिदा रकम, उपचार खर्च र बिमा सुविधा जस्ता भुक्तानी अझै प्राप्त गर्न सकेका छैनन् ।

**टुडे समाचारदाता**

जनकपुरधाम । व्यवस्थापन कमजोरी र लापरवाहीका कारण लामो समयदेखि आलोचनामा रहेको नेपाल रेलवेको कम्पनी लिमिटेड मा अर्को बेथिती बाहिरिएको छ । महिनौंदेखि नेतृत्व अभाव र कार्यालय व्यवस्थापन अस्तव्यस्त भइरहेका बेला अवकाश प्राप्त कर्मचारीहरूले पाउनुपर्ने सेवा सुविधा समेत हालसम्म नपाएको तथ्य सार्वजनिक भएको हो ।

रेलवेमा विभिन्न तहमा कार्यरत रहेका ८ जना कर्मचारीले दुई वर्षअघि नै अवकाश पाए पनि उनीहरूले अवकाशपछि पाउने उपदान, संचित बिदा रकम, उपचार खर्च र बिमा सुविधा जस्ता भुक्तानी अझै प्राप्त गर्न सकेका छैनन् ।

सेवा सुविधा नपाउनेहरूमा रामआशिष भगत, हेमबहादुर कटुवाल, गंगाराम मण्डल, सुरज मण्डल, सैलुन कवारी, रफिद कवारी, नन्दकिशोर राय र तुलाबहादुर डाँगी रहेका छन् । उनीहरू श्रेणीविहीनदेखि पाँचौं तहसम्मका कर्मचारी थिए ।

सबैभन्दा दुःखद पक्ष भनेको, अवकाश पाएर उपदानको प्रतीक्षा गरिरहेका रामआशिष रायको सेवा सुविधा नपाउँदै मृत्यु भइसकेको छ । उनी २०७९ फागुन ११ गते अवकाश भएका थिए। लामो समयसम्म रकम नपाएपछि कार्यालय धाउँदै-धाउँदै बिताएका रायको करिब एक वर्षअघि




निधन भएको बताइएको छ ।

पीडित कर्मचारीहरूका अनुसार, उनीहरूले पाउनुपर्ने उपदान तथा अन्य सेवा सुविधाको कुल रकम करिब ३ करोड १८ लाख ७७ हजार ३५४ रुपैयाँ रहेको छ । चालु आर्थिक वर्ष २०८२/०८३ मा यस शीर्षकमा २ करोड ५७ लाख ९७ हजार रुपैया बजेट समेत छुट्याइएको भए पनि रकम वितरण प्रक्रिया अघि बढ्न सकेको छैन । टिप्पणी तथा आदेशमा हाल विनियोजित रकम दामासाहीको हिसाबले वितरण गर्ने र बांकी रहेका रहेका रकमका लागि संशोधन प्रक्रिया अघि बढाउने निर्णय गरिएको छ। सो टिप्पणी तथा आदेशको आधारमा रेलवे बोर्डका निमित्त प्रबन्ध सञ्चालक हरिकुमार पोखरेलले भुक्तानी प्रक्रिया अगाडि बढाउन लेखापाल पवन नायकलाई पटक-पटक लिखित निर्देशन दिए पनि प्रक्रिया अझै अगाडि बढाएको छैन। पीडितहरू भन्छन् 'कार्यालयका लेखापाल पवन नायकले विभिन्न कारण देखाउँदै प्रक्रिया आलटाल गर्दै आएको छ।'

यस विषयमा प्रतिक्रिया दिँदै लेखापाल नायकसँग जिज्ञासा राख्दा शुरुमा यो कुरा मसँग कार्यालय प्रमुखसँग सोध्नुस भनी पन्छिन खोज । पछि प्रबन्ध सञ्चालकले पटक पटक तपाईको नाममा पत्राचार गरेकै हो भने को कुन प्रमुख सँग सोध्ने भनी प्रश्न गर्दा उनले स्टोर क्लियरेन्स नभएकाले प्रक्रिया रोकिएको बताए ।

उता कार्यालय हेर्दै आएका केवल नेपालीले भने केही प्राविधिक कारण ढिलाइ भएको हो, बांकी के कसरी छ भन्ने कुरा लेखापाल नायकसँग सोध्नुस भनी पन्छिएका छन् । उनीहरुको प्रतिक्रियामा पिडीतहरुले आफूहरु सबै बरबुझारथ गरिसकेपछि टिप्पणी तथा आदेश उठेको हो । प्रबन्ध सञ्चालकले पत्राचार पनि गरेको हो, स्टोर क्लियरेन्स नगरेको भनी पन्छिन मिल्दैन ।

अवकाश पाएर जीवनको उत्तरार्धमा आर्थिक सहाराको अपेक्षा गरेका कर्मचारीहरू भने अहिले पनि आफ्नो हकको रकमको प्रतीक्षामा छन् । रेलवेको व्यवस्थापन कमजोरीका कारण कर्मचारीले पाउनुपर्ने आधारभूत सेवा सुविधा समेत समयमा नपाउनु संस्थागत भ्रष्टाचारको उदाहरणको रुप रहेको पिडीतहरु भन्छन् ।

एक कर्मचारीले भने इन्धन खरीद, गाडी क्लिनिङ्ग, फर्जी कर्मचारीको नाममा तलब निकासा लगायतका बेथिती थेग्न नसकेर डाँगी सरले जागिर अवधि छँदै राजीनामा दिनु भएको थियो । उनले भने सबै काम केवल र पवन सरले गरिथ्यो, भैपरि आइसकेपछि सारा दोष डाँगी सर माथि लगाउने गरेको कारण उहाँले राजीनामा दिन बाध्य भएका थिए ।

# जनमतको महाधिवेशन असोजमा

**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीले आगामी असोज ९ र १० गते आयोजना गर्ने निर्णय गरेको छ । काठमाडौंमा बसेको पार्टीको सचिवालय बैठकले यसअघि तय गरिएको चैत २० र २१ गतेको मिति सार्दै नयाँ मिति निर्धारण गरेको हो ।

पार्टीका महासचिव चन्दन सिंहका अनुसार संगठनात्मक तयारी तथा अन्य कारणले महाधिवेशनको समय तालिका परिवर्तन गरिएको हो । बैठकले हालै सम्पन्न निर्वाचनमा पार्टीले बेहोरेको पराजयबारे गहन समीक्षा गर्ने निर्णयसमेत गरेको छ ।

सो प्रयोजनका लागि पार्टीले देशभर क्षेत्रीयस्तरमा बैठक आयोजना गरी विस्तृत प्रतिवेदन तयार पार्न निर्देशन दिएको छ । ती प्रतिवेदनहरू आउँदो शनिबारसम्म केन्द्रीय सचिवालयमा बुझाउन भनिएको महासचिव सिंहले जानकारी दिए ।

यसैबीच, संगठन सुदृढीकरणलाई प्राथमिकता दिँदै पार्टीले सबै जिल्लामा तदर्थ जिल्ला पदाधिकारी चयन गर्न निर्देशन दिएको छ । १४ चैतभित्र केन्द्रीय प्रतिनिधिको रोहबरमा तदर्थ जिल्ला पदाधिकारी चयन गरी संगठनलाई सक्रिय बनाउने तयारी पार्टीले गरेको जनाएको छ ।

पार्टी नेतृत्वले आगामी महाधिवेशनलाई संगठन पुनर्गठन र भावी रणनीति तय गर्ने महत्वपूर्ण अवसरका रूपमा लिएको जनाएको छ ।

# जनकपुरधाम भित्र ठूला प्रवेशमा रोक

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगर क्षेत्रभित्र ठूला सवारी साधनको प्रवेशमा रोक लगाइएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले सवारी चाप व्यवस्थापन तथा सडक दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले दिनको समयमा नगरभित्र ठूला सवारी प्रवेश नगर्न/गराउन भनी विभिन्न स्थानमा जानकारीका लागि ट्राफिक सम्बन्धी होडिङ बोर्ड जडान गरेको छ ।

आइतबार जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाको पहलमा जनकपुरधाम उपमहानगरपालिका, जिल्ला प्रहरी कार्यालय धनुषा तथा जिल्ला प्रशासन कार्यालय धनुषाको समन्वयमा ट्राफिक जनचेतनामूलक होडिङ बोर्डहरू विभिन्न चोक तथा सडक क्षेत्रमा राखिएको हो ।

जिल्ला प्रशासन कार्यालय धनुषाको निर्णयअनुसार बिहान ८ बजेदेखि बेलुका ८ बजेसम्म ट्रक, टिपर लगायतका ठूला सवारी साधनलाई नगर क्षेत्रभित्र प्रवेश गर्न निषेध गरिएको छ ।

पिडारी चोकदेखि भित्री




बाटो हुँदै मिल्स एरिया, भानुचोक लगायतका क्षेत्रमा हाइवे बाहेकका सडकमा ठूला सवारी साधनलाई प्रवेश गर्न नपाइने गरी सूचना बोर्ड जडान गरिएको ट्राफिक प्रहरीले जनाएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी निरीक्षक सूर्यबहादुर शाहीले नगर क्षेत्रमा बढ्दो सवारी चाप, पैदल यात्रुको चहलपहल र सम्भावित दुर्घटनालाई मध्यनजर गर्दै यस्तो व्यवस्था लागू गरिएको बताए ।

उनका अनुसार नगर क्षेत्रमा दिनको समयमा ठूला सवारी सञ्चालन हुँदा ट्राफिक जाम, दुर्घटनाको जोखिम र सर्वसाधारणलाई आवतजावतमा कठिनाइ हुने गरेको गुनासो बढेपछि सम्बन्धित निकायको समन्वयमा यस्तो निर्णय गरिएको हो ।

'सडक सुरक्षा अभिवृद्धि, दुर्घटना न्यूनीकरण र ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउन नगरभित्र ठूला सवारी साधनको प्रवेशमा समय निर्धारण गरिएको हो । सबै सवारी चालक तथा व्यवसायीलाई उक्त नियम पालना गर्न आग्रह गर्दछौं,' प्रहरी निरीक्षक शाहीले भने ।

ट्राफिक प्रहरीले नगर क्षेत्रका प्रमुख स्थानहरूमा चेतनामूलक होडिङ बोर्ड जडान गरी चालकहरूलाई नियमबारे जानकारी गराउने कार्यलाई निरन्तरता दिने जनाएको छ । साथै नियम उल्लंघन गर्ने सवारी साधनमाथि आवश्यक कारबाही गरिने चेतावनी समेत उनले दिएका छन् ।

# ग्यासको छैन अभाव : प्रशासन

**टुडे समाचारदाता**

जनकपुरधाम। जिल्ला प्रशासन कार्यालय धनुषाले जिल्लामा खाना पकाउने ग्यासको अभाव नरहेको भन्दै सर्वसाधारणलाई अनावश्यक रूपमा ग्यास भण्डारण नगर्न आग्रह गरेको छ ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेलले जिल्लामा दैनिक तीन हजारभन्दा बढी ग्यास सिलिन्डर आपूर्ति भइरहेको



जानकारी दिँदै आपूर्तिमा कुनै समस्या नभएको स्पष्ट पारे । उनले जनकपुरधाम क्षेत्रमा मात्रै दैनिक करिब दुई हजार सिलिन्डर ग्यास आपूर्ति भइरहेको जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी लुइँटेलले जिल्लामा हाल नोबेल ग्यास र नारायणी ग्यास कम्पनीमार्फत नियमित रूपमा ग्यास आपूर्ति भइरहेको बताए । उनले प्रशासनले बजारको अवस्था निरन्तर अनुगमन र निगरानी गरिरहेको उल्लेख गर्दै उपभोक्ताहरूलाई हल्ला र अफवाहको पछि नलाग्न आग्रह गरेका छन् ।

'धनुषामा ग्यासको अभाव छैन । दैनिक आवश्यकता अनुसार आपूर्ति भइरहेको छ,' उनले भने, ' उपभोक्ताहरूले अनावश्यक रूपमा ग्यास स्टक नराख्न र बजारमा कृत्रिम अभाव सिर्जना हुने गतिविधिबाट टाढा रहन आवश्यक छ ।'

प्रजिअ लुइँटेलले ग्यास डिलर र विक्रेताहरूलाई पनि इमान्दारीपूर्वक वितरण गर्न आग्रह गर्दै कार्टेलिङ गरी कृत्रिम अभाव सिर्जना गर्ने वा अफवाह फैलाउने कार्य कानुनविपरीत हुने चेतावनी दिए । त्यस्ता गतिविधि फेला परे कडाइका साथ कारबाही गरिने उनले बताए ।

जिल्ला प्रशासन कार्यालयले सही सूचना प्रवाहमा सहयोग गर्न सञ्चारमाध्यम तथा सरोकारवाला पक्षसँग पनि आग्रह गरेको छ । बजारको अवस्थाबारे नियमित खबरदारी र समन्वयबाट उपभोक्तालाई सहज आपूर्ति सुनिश्चित गर्ने जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

# तीन चुनावदेखि गंगा पिपरा पुल अलपत्र

**टुडे समाचारदाता**

मलंगवा । लामो समयदेखि सर्लाही र रौतहट जोड्ने गंगा-पिपरा बागमती नदी पुल निर्माण कार्य हुन नसक्दा स्थानीयवासी जोखिमपूर्ण यात्रा गर्न बाध्य भएका छन् । चुनावका बेला प्रमुख एजेन्डा बनाइने यो पुल निर्माण कार्य चुनाव सकिएपछि भने सुस्ताउँदै गएको स्थानीयको गुनासो छ ।

सर्लाही क्षेत्र नम्बर-४ र रौतहट क्षेत्र नम्बर-१ का उम्मेदवारहरूले प्रतिनिधिसभा निर्वाचनका बेला गङ्गा-पिपरा पुल निर्माणलाई साझा चुनावी एजेन्डा बनाएका थिए । चुनावी प्रचारका क्रममा पुल निर्माण छिटो सम्पन्न गराउने प्रतिबद्धता जनाइए पनि चुनावपछि कामले गति लिन नसकेको स्थानीयवासीको भनाई छ ।

रामनगर गाउँपालिका-२ का स्थानीय जितेश यादवका अनुसार सर्लाही-४ बाट निर्वाचित सांसद अमरेश कुमार सिंहले चुनाव प्रचारका क्रममा पुल निर्माण तीव्र गतिमा अगाडि बढाउने आश्वासन दिएका थिए ।

यसैगरी नेपाली कांग्रेसका सभापति गगन कुमार थापाले पनि चुनाव जिते वा हारे पनि पुल निर्माणका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । रौतहट क्षेत्र नम्बर-१ का उम्मेदवारहरूले



पनि पुल निर्माणलाई प्राथमिकतामा राखेका थिए ।

यो पहिलो पटक होइन यसअघि २०७४ र २०७९ मा समेत नवनिर्वाचित सांसद अमरेश सिंहले प्रतिबद्धता जनाएका थिए । तर आजसम्म निर्माण गर्न सकेको छैन । पिपराका एक स्थानीय भन्छन 'अहिले जितेका सांसद सिंहले पछिल्लो तीनवटै निर्वाचनमा ती पुल बनाइदिने प्रतिबद्धता जनाउनु भएको थियो । तर बनाउन सक्नु भएन हेरौं, अब यस पटक के गर्नु हुन्छ ।'

गङ्गा-पिपरा बागमती नदी पुल निर्माणका लागि २०७३ असार २८ गते करिब ८६ करोड ३७ लाख ९ हजार रुपैयाँमा टुण्डी-रसुवा-पप्पु जेभी कम्पनीसँग ठेक्का सम्झौता गरिएको थियो । निर्धारित समयमा काम सम्पन्न हुन नसक्दा पटक-पटक म्याद थप गरिएको छ। पछिल्लो पटक तोकिएको म्याद अनुसार २०८३ कात्तिक १३ गतेसम्म निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको बताइएको छ ।

निर्माणाधीन पुलमा प्रयोग भएको सामग्रीको गुणस्तरमा प्रश्न उठ्दै आएको छ। २०८१ असोजमा आएको बाढीका कारण पुलको एक स्पान र एक फाउन्डेसनमा क्षति पुगेपछि माटो परीक्षण र डिजाइन पुनरावलोकनको कारण देखाउँदै निर्माण कार्य सुस्त भएको स्थानीयको आरोप छ ।

करिब ८० प्रतिशत काम सम्पन्न भइसकेको बताइए पनि पुल अलपत्र रहँदा दैनिक एक हजारभन्दा बढी नागरिकलाई जोखिमपूर्ण रूपमा नदी पार गर्नुपरेको छ । बाढीपछि क्षति भएको पुल मर्मत तथा निर्माणलाई तीव्रता दिन राज्य पक्षबाट अपेक्षित पहल हुन नसकेको स्थानीयको भनाइ छ ।

# बिरामीको ज्यान जाँदा, डाक्टरको तह घटुवा

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रभु हस्पिटल एन्ड रिसर्च सेन्टर प्रालिमा कार्यरत चिकित्सक डा. मनोजकुमार गुप्तालाई नेपाल मेडिकल काउन्सिलले कारबाही गरेको छ ।

काउन्सिलको ११ र १२ फागुनमा बसेको पूर्ण बैठकले डा. गुप्तालाई प्रोवेसन अर्थात अरू डाक्टरको मुनि रहेर काम गर्ने गरी कारबाही गरेको हो । काउन्सिलका रजिष्ट्रार डा. सतिसकुमार देवका अनुसार डा. गुप्तालाई ६ महिनाको कारबाही गरिएको छ ।

'शल्यक्रियामा संलग्न चिकित्सकसँग गरिएको प्रत्यक्ष बयान र विषय विज्ञको आधारमा काउन्सिलको पूर्ण बैठकले डा.




गुप्तालाई ६ महिनाको कारबाही गरेको छ,' डा. देवले भने ।

बाराका ३७ वर्षीय सुरेश शाह कानु पित्तथैलीको २०८० कार्तिक महिनामा डा. गुप्ताले शल्यक्रिया गरेको थियो । सो शल्यक्रियामा गरिएको लापरवाहीको कारण कानुको मृत्यु भएको थियो । उनको मृत्युपछि पिडीतले उजुरी गर्दा कारवाही गरिएको हो ।

शल्यक्रियापछि कानुको स्वास्थ्य अवस्था बिग्रिदैं जाँदा अर्को अस्पतालमा चेकजाँच गराउँदा परीक्षणका क्रममा डा. गुप्ताले पित्तथैलीको चेकजाँच नै नगरी शल्यक्रिया गरिएकोले भित्री अंगमा क्यान्सर फैलिएको त्यहाँको चिकित्सकले जानकारी दिए ।

उपचारको क्रममा सुरेशको ३२ साउन २०८१ मा मृत्यु भयो । प्रभु हस्पिटल एन्ड रिसर्च सेन्टर प्रालिमा कार्यरत डा. गुप्ताको लापरबाहीका कारण मृत्यु भएको भन्दै परिवारले २८ पुस २०८१ मा नेपाल मेडिकल काउन्सिलमा उजुरी दर्ता गरेको थियो । सोही उजुरी उपर काउन्सिलले संलग्न चिकित्सकसँग गरिएको प्रत्यक्ष बयान र विषय विज्ञको आधारमा काउन्सिलले कारबाही गरेको हो ।

# गाँजा बरामद

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरी प्रहरीले जिल्लाको रामगोपालपुर नगरपालिका-८ बाट प्रहरीले ठूलो परिमाणमा गाँजासहित भारतीय नम्बर प्लेटको कार नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार गएराति करिब ११ बजेतिर पूर्वपश्चिम लोकमार्ग हुँदै भारततर्फ गाँजा लैजाँदै गरेको सूचनाका आधारमा गरिएको कारबाहीमा १०९ किलोग्राम गाँजा बरामद गरिएको हो ।

प्रहरी उपरीक्षक हेरम्ब शर्माले दिएको जानकारी अनुसार सहसौला चोक नजिकबाट डिएल १ सीओ ५८६९ नम्बरको भारतीय कारलाई नियन्त्रणमा लिँदा कारभित्र २० वटा पोकामा लुकाएर राखिएको १०९ किलोग्राम गाँजा फेला परेको हो ।

गोप्य सूचनाका आधारमा लागू औषध ब्युरो तथा इलाका प्रहरी कार्यालय रामगोपालपुरबाट खटिएको संयुक्त प्रहरी टोलीले सवारी साधन जाँचका क्रममा उक्त कारलाई रोकेर तलासी गर्दा ठूलो परिमाणमा गाँजा बरामद गरिएको प्रहरीले जनाएको छ ।

प्रहरीले कार नियन्त्रणमा लिए पनि चालक भने घटनास्थलबाट फरार भएको बताइएको छ । फरार चालकको खोजी कार्य तीव्र पारिएको प्रहरीले जनाएको छ । बरामद गरिएको गाँजा तथा कारलाई नियन्त्रणमा राखी आवश्यक अनुसन्धान तथा कानुनी कारबाही प्रक्रिया अघि बढाइएको महोत्तरी प्रहरीले जनाएको छ ।

**पानीको स्रोतको संरक्षण गरौं, जैविक विविधता जोगाऔं ।**

- खानेपानीका स्रोतको संरक्षण गरौं,
- पानीको दुरुपयोग रोकौं र आवश्यक मात्र प्रयोग गरौं,
- धारा खुला छोड्ने बानी त्यागौं,
- उच्च पहाडी तथा हिमाली क्षेत्रमा वर्षाको पानी संकलन गर्ने गरौं,
- नदी, ताल, पोखरीको संरक्षण गरौं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं,
- जलाधार संरक्षणका लागि वृक्षारोपण गरौं,
- पानीजन्य रोगबाट बच्न सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८